# राजपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
दाङ, लुम्बिनी प्रदेश, नेपाल

# संगठन व्यवस्थापन सर्वेक्षण प्रतिवेदन
## २०७९

पेश गरिएको निकायः

राजपुर गाउँ कार्यपालिकाको कार्यालय

गंगदी, दाङ

## विषयसूची


**खण्ड-१ : परिचय** ङ्कचचद्वच! ख्द्दण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.

१.१ अध्ययनको पृष्ठभूमि **ङ्कचचद्वच! ख्द्दण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.**

१.२ अध्ययनको उद्देश्य **ङ्कचचद्वच! ख्द्दण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.**

१.३ अध्ययनको औचित्य: **ङ्कचचद्वच! ख्द्दण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.**

१.४ अध्ययनको विधि **ङ्कचचद्वच! ख्द्दण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.**

१.५ अध्ययनको सीमा **ङ्कचचद्वच! ख्द्दण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.**

**खण्ड- २ : गाउँपालिकाको विद्यमान सांगठनिक संरचना र समग्र अवस्था**ङ्कचचद्वच! ख्द्दण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.

२.१ विद्यमान संगठन ढाँचा **ङ्कचचद्वच! ख्द्दण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.**

२.२ विद्यमान दरवन्दीको अवस्था **ङ्कचचद्वच! ख्द्दण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.**

२.३ विद्यमान संगठन संरचना र दरबन्दी सम्बन्धमा रहेका समस्या**ङ्कचचद्वच! ख्द्दण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.**

**खण्ड - ३ : विद्यमान कानून एवं स्थानीय तहको काम कर्तव्य र अधिकारहरु** ङ्कचचद्वच! ख्द्दण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.

३.१ विद्यमान कानून एवं स्थानीय तहका काम, कर्तव्य र अधिकारहरु**ङ्कचचद्वच! ख्द्दण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.**

३.२ कार्य प्रकृतिको विश्लेषण **ङ्कचचद्वच! ख्द्दण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.**

३.३ कार्यक्रमको विश्लेषण **ङ्कचचद्वच! ख्द्दण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.**

३.४ कार्यबोझको विश्लेषण **ङ्कचचद्वच! ख्द्दण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.**

३.५ उपलब्ध मानव श्रोतको आँकलन ५५

३.६ गाउँपालिकाको वित्तीय अवस्थाको विश्लेषण **ङ्कचचद्वच! ख्द्दण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.**

३.७ खर्चको आकार ५६

**खण्ड - ४: प्रस्तावित संगठन संरचनाको औचित्य र व्याख्या**ङ्कचचद्वच! ख्द्दण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.

४.१ प्रस्तावित संगठन संरचनाको औचित्य र व्याख्या**ङ्कचचद्वच! ख्द्दण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.**

४.२ प्रस्तावित दरवन्दी औचित्य र व्याख्या ५८

४.३ प्रस्तावित शाखा तथा इकाईहरुको कार्य विवरण**ङ्कचचद्वच! ख्द्दण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.**

**खण्ड— ५ : निष्कर्ष र सुझावहरू** ५९

**अनुसूचीहरू ६१**

अनुसूची - १ ६५

गाउँपालिकाको विद्यमान संगठन संरचनाको स्वरुप निम्न अनुसार रहेको छ ६५

अनुसूची - १ (क) ६६
विद्यमान दरबन्दी तेरीज ६६
अनुसूची - २ **ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.**
स्थानीय सरकारका काम, कर्तव्य र अधिकारहरु सम्बन्धी विद्यमान वैधानिक व्यवस्थाहरु **ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.**
२.१ नेपालको संविधान १३
२.२ स्थानीय सरकार संचालन ऐन, २०७४**ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.**
२.३ अन्तर सरकारी वित्त व्यवस्था ऐन **ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.**
कर्मचारी समायोजन ऐन, २०७५ ले गरेको व्यवस्था १५
२.४ राष्ट्रिय योजना आयोगबाट गरिएको विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ बमोजिम स्थानीय सरकारका जिम्मेवारीहरु **ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.**
अनुसूची - ३ ७०
(क) प्रस्तावित सांगठनिक ढाँचा **ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.**
१. स्वास्थ्य शाखा अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्रको संगठन संरचना ७०
२. स्वास्थ्य शाखा अन्तर्गत ४ स्वास्थ्य चौकीको संगठन संरचना ७०
३. स्वास्थ्य शाखा अन्तर्गत २ वटा सामुदायिक स्वास्थ्य इकाईको संगठन संरचना ७०
४. राजपुर गाउँपालिकाको वडागत संगठन संरचना **ङ्चचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्गघ.**
अनुसूची - ३ ७३
(ख) प्रस्तावित दरबन्दी तेरीज ७३
अनुसूची - ४ : प्रस्तावित शाखाहरूको कार्य विवरण ७७

# खण्ड एकः परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालको संविधानको धारा ५६ ले लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ । यसै गरी धारा २१६ मा स्थानीय तहको कार्यकारिणी अधिकार अन्तर्गत (१) संविधान र संघीय कानूनको अधीनमा रही नगर/गाउँ कार्यपालिकामा निहित रहने, (२) स्थानीय कार्यकारिणी अधिकार अनुसूची-८ र अनुसूची-९ बमोजिमको सूचीमा उल्लेख भए बमोजिम हुने र (३) संविधान र अन्य कानूनको अधीनमा रही गाउँपालिका र गाउँपालिकाको शासन व्यवस्थाका सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ/नगर कार्यपालिकाको हुने व्यवस्था रहेको छ

स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम गठित साविकका स्थानीय निकायहरू वि.सं. २०७२ साल असोज ३ गते नयाँ संविधान जारी भए पश्चात् स्थानीय सरकारमा रुपान्तरित हुन पुगेका छन् । यसबाट हिजोका स्थानीय निकायहरूको तुलनामा आजका स्थानीय सरकारहरूको कार्यक्षेत्र र भूमिका वृहत हुन पुगेको छ । यस सन्दर्भमा नेपालको संविधानको भावना अनुरुप स्थानीय सरकार संचालन ऐन, २०७४ जारी भई कार्यान्वयनमा रहेको छ । कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा कर्मचारीको एक तहको व्यवस्थापन पनि भैसकेको छ । बदलिंदो अवस्था अनुरुप स्थानीय सरकारको स्वरुप ग्रहण गर्न र थपिएको जिम्मेवारी वहन गर्न तथा विद्यमान भौगोलिक क्षेत्र, काम, कर्तव्य र जिम्मेवारीको दायरा लगायत सेवा प्रदान गर्नुपर्ने जनसंख्याको आकारको आधारमा विद्यमान सांगठनिक स्वरुप र जनशक्ति माथि पुनरावलोकन गर्नुपर्ने अवस्था छ । यस सम्बन्धमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ को उपदफा (१०) मा समेत कर्मचारी समायोजनको काम सम्पन्न भई सकेपछि प्रदेश सरकार वा स्थानीय तहले आवश्यकता अनुसार संगठन संरचना वा दरबन्दी थपघट, हेरफेर वा परिमार्जन गर्न सक्ने उल्लेख छ । साथसाथै सोही ऐनको दफा १२ को उपदफा (५) मा स्थानीय तहको संगठन संरचना र दरबन्दीमा समायोजन हुने कर्मचारीको पदसंख्या तथा समायोजनबाट पूर्ति हुन नसक्ने पदसंख्या प्रक्षेपण गरी प्रदेश र स्थानीय तहको रिक्त पद खुलाई पदपूर्तिको लागि सिफारिस गर्न नेपाल सरकारले लोक सेवा आयोगलाई अनुरोध गर्न सक्ने व्यवस्था गरेको छ ।

संविधानको धारा ३०२ मा स्थानीय सेवा प्रवाहका लागि नेपाल सरकारले राष्ट्रसेवक कर्मचारी समायोजन गरी सेवा प्रवाहको व्यवस्था मिलाउने उल्लेख छ । यस अनुसार स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) (ङ) मा गाउँपालिकाको काम, कर्तव्य र अधिकारमा स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी व्यवस्था रहेको छ । सोही ऐनको परिच्छेद ११ मा "प्रशासकीय संगठन र कर्मचारी व्यवस्था" अन्तर्गत दफा ८१ देखि दफा ९१ सम्म स्थानीय तहका कार्यालय संगठन र कर्मचारीको व्यवस्थापन नियुक्ति, सेवा सुविधाका शर्तहरू, वृत्ति विकासका अवसर तथा विषयगत शाखा स्थापना आदिका बारेमा स्पष्ट व्यवस्था गरेको छ । यस अनुसार नेपाल सरकारले कर्मचारी समायोजन गरे पश्चात स्थानीय तहले आफ्नो आवश्यकता अनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा वडा समिति समेतलाई समेटी कार्यालयको कार्यबोझ एवं भौगोलिक क्षेत्र तथा सेवा प्रदान गर्नुपर्ने जनसंख्याको आधारमा विद्यमान सांगठनिक स्वरुप र कर्मचारी संख्यामा थपघट गर्नुपर्ने अवस्था देखिएको छ ।

उपर्युक्त पृष्ठभूमिमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।४।६ को प्राप्त पत्रानुसार गाउँपालिकाहरूको वर्तमान जिम्मेवारी, जनशक्तिको अभाव, स्थानीय सरकारको रुपमा निर्वाह गर्नुपर्ने भूमिका अनुसारको कार्यबोझ, स्थानीयबासीहरूको बढ्दो अपेक्षा एवं सेवा प्रवाहमा पर्नआएको चापलाई समेत दृष्टिगत गरी स्थानीय तहको सेवा प्रवाहमा प्रभावकारीता ल्याउन विद्यमान संगठन एवं दरबन्दीमा आवश्यक परिमार्जन गरी गाउँपालिकाको कार्यविभाजन र कार्यसम्पादनमा सघाउ पुर्‍याउन आवश्यक देखिएको हुँदा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९० मा उल्लेख भएबमोजिम स्थानीय तहका कर्मचारीहरूको तहगत प्रणाली अपनाउने विषयलाई समेत ध्यानमा राखी राजपुर गाउँपालिकाको विद्यमान संगठन संरचना, कर्मचारी दरबन्दी, कार्यबोझ समेतको अध्ययन गरी यो प्रतिवेदन (मस्यौदा) तयार गरी पेश गरिएको छ ।

## १.२ अध्ययनको उद्देश्य

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ अनुसारको काम कर्तव्य बहन गर्नुपर्ने दायित्व अन्य स्थानीय सरकार सरह राजपुर गाउँपालिका माथि पनि रहेको छ । अतः ऐनले तोकेको काम कर्तव्य सम्पादन गर्नका लागि स्थानीय नीति, योजना र कार्य प्रणालीलाई

संस्थागत गर्न गाउँपालिकाको विद्यमान संगठन संरचनामा पुनरावलोकन गरी परिवर्तित अवस्था अनुसार संगठन तालिका, जनशक्तिको दरवन्दी र कार्य विवरण तयार गर्नु नितान्त आवश्यक देखिएको छ । लामो समयको अन्तराल पश्चात निर्वाचित जनप्रतिनिधि प्रति जनताको उच्च अपेक्षा रहेकोले त्यसलाई पनि सम्बोधन हुने गरी विकास कार्यलाई व्यवस्थित रुपमा संचालन गर्नुपर्ने अवस्था छ भने अर्कोतर्फ संविधानको मर्म अनुसार जनतालाई घर घरमा सरकारको उपस्थितिको प्रत्याभूत गराउने जिम्मेवारी पनि गाउँपालिकामा थपिएको छ । यसै परिप्रेक्ष्यमा राजपुर गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुका निम्न उद्देश्यहरू रहेकाछन्:

१. स्थानीय आवश्यकता र विशिष्टताको आधारमा गाउँपालिकाको कार्य प्रकृति र कार्यबोझको अध्ययन तथा विश्लेषण गर्ने ।

२. नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले परिकल्पना गरेको स्थानीय सरकारको काम, कर्तव्य र भूमिका निर्वाह गर्न उपयुक्त हुने गरी गाउँपालिकाको काम, कर्तव्य र भूमिकाको लेखाजोखा र विद्यमान संगठन संरचनाको पुनरावलोकन गरी उपयुक्त संगठन तालिका तयार गर्ने र प्रस्तावित संगठन संरचना अनुसारका शाखा, उपशाखा र इकाईहरूको कार्य विवरण तयार गर्ने ।

३. गाउँपालिकाका विभिन्न शाखा तथा इकाईहरूको कार्यजिम्मेवारी अनुरुप विद्यमान दरबन्दी र कार्यरत कर्मचारी संख्याको पुनरावलोकनगरी आवश्यक दरबन्दी थपघट गर्न सिफारिस गर्ने ।

४. गाउँपालिकाको सांगठनिक संरचना अनुसारका शाखा र इकाईहरूका पदाधिकारी र कर्मचारीहरूको कार्यजिम्मेवारी समेत निश्चित हुने गरी कार्य विवरण तयार गर्ने ।

५. गाउँपालिकाको प्रशासनलाई चुस्त, सेवामुखी र जवाफदेही बनाउन आवश्यक सुझावहरू तयार गर्ने ।

## १.३ अध्ययनको औचित्यः

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थाको परिकल्पना गरेपश्चात संविधानको अनुसूची ८ लाई मूर्तरुप दिन बनेको स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ११ को दफा ८३ मा स्थानीय सरकारको संगठन र कर्मचारी दरबन्दी सम्बन्धी नयाँ व्यवस्था गर्न आवश्यक अध्ययन गरी सोही अनुरुप विद्यमान ऐन र कानूनको अधीनमा रही शासकीय संरचनाको पुनर्गठन गर्नुपर्ने अवस्था रहेको छ । सो बमोजिम संघीय शासन प्रणालीको सफल कार्यान्वयनका लागि समय समयमा स्थानीय सरकारको सांगठनिक संरचना र दरबन्दी पुनरावलोकन गर्नु आवश्यक र औचित्यपूणर् विषय हो । कर्मचारी समायोजन ऐन २०७५ को दफा ३ को उपदफा (१०) मा समेत कर्मचारी समायोजनको काम सम्पन्न भई सकेपछि प्रदेश सरकार वा स्थानीय तहले आवश्यकता अनुसार संगठन संरचना वा दरबन्दी थपघट, हेरफेर वा परिमार्जन गर्न सक्ने उल्लेख छ । साथै दफा १२ को उपदफा (५) बमोजिम स्थानीय तहको संगठन संरचना र दरबन्दीमा समायोजन हुने कर्मचारीको पदसंख्या तथा समायोजनबाट पूर्ति हुन नसक्ने पदसंख्या प्रक्षेपण गरी प्रदेश र स्थानीय तहको रिक्त पद खुलाई पदपूर्तिको लागि सिफारिस गर्न नेपाल सरकारले लोक सेवा आयोगलाई अनुरोध गर्न सक्ने व्यवस्था गरेको छ ।

## १.४ अध्ययनको विधि

यो प्रतिवेदन देहायका तथ्यांकीय स्रोत एवं विधिहरुको उपयोग गरी तयार गरिएको होः

**क दस्तावेज अध्ययन एवं विश्लेषणः** नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, विद्यमान प्रचलित कानूनहरु एवं संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा स्थानीय तहहरूको लागि तयार गरिएको अन्तरिम संगठन तालिका आदि दस्ताबेजहरूका सान्दर्भिक प्रावधानहरुको अध्ययन एवं विश्लेषण गरिएको छ ।

**ख अभिमुखीकरण तथा अन्तरक्रियाः** संगठन संरचनाको अवधारणा, आवश्यकता, न्युनतम आधार र शर्तहरूको बारेमा गाउँपालिकाका पदाधिकारी, कर्मचारी एवं सहजकर्ताहरूको सहभागितामा गाउँपालिका केन्द्रमा अभिमुखीकरण र अन्तरक्रिया सम्पन्न गरी प्राप्त राय सुझावका आधारमा देहायका पक्ष सम्बद्ध विश्लेषण गरिएको छः

१. मौजूदा सांगठनिक संरचनाका सबल र कमजोर पक्षहरू
२. विद्यमान सांगठनिक संरचनामा परिमार्जनको औचित्य तथा आवश्यकता
३. विद्यमान संरचनाले सम्बोधन गर्न नसकेका विषयहरु
४. गाउँपालिकाको भौगोलिक विशिष्टता, सेवा प्रवाह गर्नुपर्ने जनसंख्या र स्थानीय वश्यकताहरूको विश्लेषण

**ग परामर्श बैठकः** गाउँपालिकाको विभिन्न शाखामा कार्यरत कर्मचारीहरूसँग परामर्श गरी विद्यमान संगठन संरचना, विद्यमान कर्मचारी दरवन्दी र सेवा प्रवाहमा हाल देखा परेका समस्याका बारेमा जानकारी संकलन गरिएको

१. यस अध्ययन प्रतिवेदनलाई निश्चित आकारमा ल्याउन गाउँपालिकाका प्रमुख, उपप्रमुख, अन्य पदाधिकारीकासाथै प्रमुख प्रशासकीय अधिकृतसँग आवश्यकता अनुसार सम्पर्क र छलफल गरिएको ।
२. प्रस्तावित सांगठानिक ढाँचा अनुसार शाखागत कार्य विवरणका साथै आवश्यक हुने कर्मचारी दरवन्दी यथासक्य मौजूदा दरवन्दी भित्रबाट नै पूर्ति एवं मिलान गर्नेगरी आवश्यक कर्मचारीहरूकोविवरण संकलन गरी दरवन्दी अनुसार प्रत्येक पदको कार्य विवरण तयार गरिएको ।
३. संशोधित संगठन र कार्य विवरणको अन्तिम रुप दिन र कार्यान्वयनका लागि कार्ययोजना तर्जुमा गरिएको थियो ।

### १।५ अध्ययनको सीमा

यो सर्वेक्षण प्रतिवेदन निम्न अवस्थाको सिमालाई दृष्टिगत गरी तयार गरिएको छः

१. गाउँपालिका बाट उपलव्ध तथ्यांक, गाउँपालिकाको संगठन तालिका, कार्यरत कर्मचारीहरूको अभिलेख, आयव्ययको विवरण, विद्यमान दरवन्दी विवरण र गाउँपालिका प्रोफाईल ९वस्तुगत विवरण० यस अध्ययनका सूचनाका श्रोतहरू हुन् ।
२. गाउँपालिकाको सांगठनिक ढांचा र दरवन्दी विवरण अध्ययन गरी पठाउनु मन्त्रालयमा पठाउनुपर्ने समय सीमा ।
३. सेवाग्राहीको नागरिक सन्तुष्टि सर्वेक्षण गर्न नसकिएको ।
४. कार्यालयको कार्यबोझ, कामको व्यस्तता, सेवाग्राहीको चाप र जनशक्तिको कमीका कारण पनि सहजकर्तालाई आवश्यक सूचना र जानकारीमा सिमितता रहेको थियो ।

५. स्थानीय आवश्यकता र विशिष्टतालाई सम्वोधन गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन आवश्यक दरबन्दी संख्या सिफारिस गर्दा आर्थिक व्ययभारलाई व्यापक विचार पुऱ्याउनुपर्ने अवस्थाका कारण पर्याप्त दरबन्दीहरू सृजना गर्न कठिनाइ भएको ।

## खण्ड दुईः गाउँपालकिाको विद्यमान सांगठनकि संरचना र समग्र अवस्था

### २.१ विद्यमान संगठन ढाँचा

स्थानीय तहहरुले हाल संविधानले प्रदान गरेको अनुसूची ८ तथा ९ मा व्यवस्था भएका अधिकार तथा स्थानीय सरकार संचालन ऐनबाट प्रदान भएका अधिकारहरुको अभ्यास गरिरहेका छन् । यी अधिकारहरुको अभ्यासका लागि गाउँसभाबाट स्वीकृत गाउँपालिकाको कार्यविभाजन नियमावली, २०७४ तथा कार्यसम्पादन नियमावली, २०७४ ले निर्देशन गरेअनुसारको संगठन तालिका तयार गरिएको छ । विद्यमान अन्तरिम संगठन संरचना अनुसार राजपुर गाउँपालिका अन्तर्गत हाल ४ शाखा, १२ इकाई तथा विभिन्न विषयका सेवा केन्द्रहरु प्रस्ताव गरिएको भएतापनि सो अनुसार शाखा तथा इकाईहरु गठन भई नसकेको र जनशक्ति व्यवस्थापन समेत हुन नसकेको देखिन्छ ।

विगतमा प्रस्तावित दरवन्दी (अनुसूची १ मा उल्लेखित) स्थानीय तहले प्रदान गर्ने सेवालाई प्रभावकारी बनाउन पर्याप्त नरहेको र कार्यबोझ समेतलाई आधार मान्दा विद्यमान ४ शाखा, १२ इकाई, ७ वटा वडा कार्यालय र विषयगत सेवाकेन्द्रको लागि प्रस्तावित ७४ जना दरवन्दी संरचना पर्याप्त नरहेकोले संगठन तथा व्यवस्थापन सर्भेक्षण मार्फत नयाँ संगठन संरचना तथा दरवन्दी प्रस्ताव गरिएको छ । गाउँपालिकाको कार्य प्रकृतिलाई दृष्टिगत गर्दा वन, वातावरण तथा विपद् व्यवस्थापन, भूमि व्यवस्थापन तथा भवन नियमन, न्याय, कानून तथा मानव अधिकार प्रवद्र्धन,योजना, अनुगमन तथा मूल्यांकन सूचना, संचार, तथ्यांक व्यवस्थापन तथा पर्यटन आदि शाखाहरू लगायत समग्रमा स्थानीय सरकारलाई प्राप्त अधिकारलाई कार्यान्वयन गर्न आवश्यक संगठन संरचनाका बारेमा पुनरावलोकन हुनुपर्ने देखिन्छ । यसर्थ स्थानीय सरकार सञ्चालन ऐन लागू भएपश्चात् राजपुर गाउँपालिकाले सम्पादन गर्नुपर्ने काम कर्तव्य एवं जिम्मेवारीको व्यापकतालाई दृष्टिगत गरी नयाँ संगठन तालिका प्रस्ताव गरिएको छ

प्रस्तावित संगठन तालिकालाई गाउँपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत गरी थप भएका दरवन्दीका लागि विद्यमान ऐन, कानून र प्रक्रियामा रही नेपाल सरकार तथा प्रदेश लोकसेवा आयोगमा पदपूर्तिका लागि अनुरोध गर्नुपर्ने देखिन्छ । यस सम्बन्धी थप विषयहरु देहायबमोजिम प्रस्तुत गरिएको छ ।

१. प्रस्तावित संगठन तालिकाको कार्यान्वयनका लागि विद्यमान कार्य विभाजन नियमावली, २०७४ र कार्य सम्पादन नियमावली, २०७४ मा केही बुंदाहरू संशोधन गर्न उपयुक्त देखिन्छ ।

२. नेपाल सरकारले गाउँपालिकामा हाल रा.प.तृतीय श्रेणी (प्रशासन) को अधिकृत प्रमुख प्रशासकीय अधिकृत रहने व्यवस्था गरेको छ । प्रस्तावित संगठनात्मक स्वरुपमा प्रमुखका रुपमा अधिकृत स्तर (आठौं सरह) को कर्मचारी रहने व्यवस्था उपयुक्त देखी सुझाव गरिएको छ । कर्मचारीको विद्यमान दरवन्दीमा अधिकृत स्तर (सातौं सरह) को दरवन्दी मात्र रहेको छ ।

३. साविकको व्यवस्था अनुसार शिक्षा र स्वास्थ्य शाखा सामाजिक विकास शाखा अन्तर्गत रहनु पर्ने भएतापनि वर्तमानमा शिक्षा र स्वास्थ्य शाखाहरूमा रा.प. तृतीय श्रेणीका शाखा प्रमुखहरू रहने भएकोले तह मिलानको दृष्टिले सहज हुने गरी गाउँको नयाँ संगठन तालिकामा शिक्षा र स्वास्थ्यलाई अलग अलग शाखा प्रस्ताव गरिएको छ ।

## २.२ विद्यमान दरवन्दीको अवस्था

राजपुर गाउँपालिकामा हाल एक जना प्रमुख प्रशासकीय अधिकृत, एक जना इन्जिनियर, ......... जना विषयगत शाखाका अधिकृत, ........... जना सातौं तहको हेल्थ असिस्टेन्ट, ........... जना ५ औं तहका प्राविधिक, ............ जना चौथौं तहका प्राविधिक, .......... जना पाँचौ तहका लेखा सहायक, ........... जना पाँचौं तहको प्रशासन सहायक, ......... जना चौथो स्तरको सहायक महिला विकास निरीक्षक, ......... जना पाँचौ तहको वडा सचिव र प्रत्येक वडामा सव-इन्जिनियर, कम्प्युटर अपरेटर, कार्यालय सहायक र असिस्टेन्टसब-इन्जिनियरहरु एक एक जना रहेका छन् । (विद्यमान दरबन्दीको विस्तृत विवरण अनुसूची १ मा उल्लेख गरिएको छ)

## २.३ विद्यमान संगठन संरचना र दरबन्दी सम्बन्धमा रहेका समस्या

१. स्थानीय तहबाट हुने विकास निर्माण, सेवा प्रवाह, सुशासन लगायतका जिम्मेवारी सम्पादन गर्न मौजुदा शाखा, इकाइ, सेवाकेन्द्र र वडामा प्रस्तावित दरवन्दी पर्याप्त नरहेको ।

२. कर्मचारी समायोजनको प्रयोजनको लागि तयार गरिएको विद्यमान दरवन्दी संरचनाले स्थानीय तहका आवश्यकतालाई सम्बोधन गर्न नसकेको ।

३. विद्यमान दरवन्दी संरचनाबाट स्थानीय तहमा सम्पादन गर्ने कार्य र सेवालाई प्रभावकारी बनाउन सक्ने अवस्था नरहेको । (जस्तैः न्यायिक समिति, सचिवालय व्यवस्थापन)

४. विद्यमान संगठन संरचनामा रहेका अमिल्दा शाखा, इकाई तथा सेवाकेन्द्रहरुको संगठन संरचना र दरवन्दी पुनरावलोकन गर्नु पर्ने अवस्था रहेको ।

५. परिवर्तित शासकीय प्रणालीमा वडा कार्यालय सेवा प्रवाहको महत्वपूणर् इकाई रहेकोले कार्यचापलाई समेत दृष्टिगत गर्दा वडाको संरचनालाई उपयुक्त र सक्षम इकाई बनाउनु पर्ने अवस्था रहेको ।

६. संघ, प्रदेश तथा साझेदार संस्थाहरुबाट प्राप्त अनुदानहरुको कार्यान्वयन गर्न विद्यमान संरचना तथा दरवन्दी पर्याप्त नरहेको ।

# खण्ड तीनः विद्यमान कानून एवं स्थानीय तहको काम कर्तव्य र अधिकारहरु

## ३.१ विद्यमान कानून एवं स्थानीय तहका काम, कर्तव्य र अधिकारहरु

नेपालको संविधानको धारा ५६ ले लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ । यसै गरी धारा २१६ मा स्थानीय तहको कार्यकारिणी अधिकार अन्तर्गत । (१) संविधान र संघीय कानूनको अधीनमा रही नगर/गाउँ कार्यपालिकामा निहित रहने, (२) स्थानीय कार्यकारिणी अधिकार अनुसूची-८ र अनुसूची-९ बमोजिमको सूचीमा उल्लेख भएबमोजिम हुने र (३) संविधान र अन्य कानूनको अधीनमा रही गाउँपालिका र गाउँपालिकाको शासन व्यवस्थाका सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ/नगर कार्यपालिकाको हुने व्यवस्था रहेको छ । यी लगायत स्थानीय सरकार संचालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्था ऐन, कर्मचारी समायोजन ऐन, २०७५ तथा राष्ट्रिय योजना आयोगबाट गरिएको विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँटसम्बन्धी मापदण्ड, २०७६ बमोजिम स्थानीय सरकारका जिम्मेवारीहरु सम्बन्धी व्यवस्था, काम, कर्तव्य र अधिकारहरु यस प्रकार रहेका छन्

क नेपालको संविधानमको अनुसूची ८ मा उल्लेख भएका स्थानीय तहको एकल अधिकार सूची र अनुसूची ९ मा उल्लेख भएको साझा अधिकार सूची यस प्रकार रहेका छन्

**अ एक अधिकार सूचीः**

| क.सं. | विषयहरू |
|---|---|
| १. | नगर प्रहरी |
| २. | सहकारी संस्था |
| ३. | एफ. एम सञ्चालन |

| | |
|---|---|
| ४. | स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन |
| ५. | स्थानीय सेवाको व्यवस्थापन |
| ६. | स्थानीय तथ्यांक र अभिलेख संकलन |
| ७. | स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू |
| ८. | आधारभूत र माध्यमिक शिक्षा |
| ९. | आधारभूत स्वास्थ्य र सरसफाइ |
| १०. | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता |
| ११. | स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ |
| १२. | गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन |
| १३. | स्थानीय अभिलेख व्यवस्थापन |
| १४. | घर जग्गा धनी पुर्जा वितरण |
| १५. | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी |
| १६. | ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन |
| १७. | बेरोजगारको तथ्यांक संकलन |
| १८. | कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण |
| १९. | खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा |
| २०. | विपद व्यवस्थापन |
| २१. | जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण |
| २२. | भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास |

## आ अनूसुचि ९ साझा अधिकार सूची

| | विषयहरू |
|---|---|
| १. | सहकारी |
| २. | शिक्षा, खेलकूद र पत्रपत्रिका |
| ३. | स्वास्थ्य |
| ४. | कृषि |
| ५. | विद्युत, खानेपानी, सिंचाइ जस्ता सेवाहरू |
| ६. | सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क |
| ७. | वन, जंगल, वन्यजन्तु, चराचुरुंगी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता |
| ८. | खानी तथा खनिज |
| ९. | विपद व्यवस्थापन |
| १०. | सामाजिक सुरक्षा र गरीबी निवारण |
| ११. | व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्यांक |
| १२. | पुरातत्व, प्राचीन स्मारक र संग्रहालय |
| १३. | सुकुम्बासी व्यवस्थापन |
| १४. | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी |
| १५. | सवारी साधन अनुमति |

## २।४ स्थानीय सरकार संचालन ऐन, २०७४

स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तहको संचालन र संवैधानिक अधिकार कार्यान्वयनको सम्बन्धमा व्यवस्था गरेको छ । ऐनको दफा ११ ले गाउँपालिकाको काम कर्तव्य र अधिकारको सम्बन्धमा निम्नानुसार व्यवस्था गरेको छ ।

क। नगर प्रहरीः नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा गाउँ प्रहरी सम्बन्धी नीति, कानून र मापदण्डको निर्माण तथा कार्यान्वयन, तथा देहायका विषयका गाउँ प्रहरीको परिचालन गर्ने,

१. नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निणर्य कार्यान्वयन,
२. गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण,
३. स्थानीय स्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,
४. स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन,
५. गाउँ सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन,
६. न्यायिक समितिले गरेका मिलापत्र तथा निणर्यको कार्यान्वयन,
७. सार्वजनिक ऐलानी र पर्ति जग्गा, सार्वजनिक भवन, सम्पदा, तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,
८. विपद व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना,
९. अनधिकृत विज्ञापन तथा होडिङबोर्ड नियन्त्रण,
१०. छाडा पशु चौपायाको नियन्त्रण,
११. अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,
१२. कार्यपालिकाले तोकेको अन्य कार्य ।

ख। सहकारी संस्था

१. सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन,
२. गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन,
३. सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन,

४. सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय सङ्घ संस्थासँग समन्वय र सहकार्य,

५. सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,

६. स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि,

७. स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, परिचालन र विकास।

ग। एफ।एम। सञ्चालन

१. एक सय वाटसम्मको एफ। एम। रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमान र खारेजी,

२. प्रदेश कानूनको अधीनमा रही एफ।एम। सञ्चालन सम्बन्धी अन्य कार्य।

घ। स्थानीय कर, सेवा शुल्क तथा दस्तुर

१. सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर ९मालपोत०, मनोरञ्जन कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

२. स्थानीय पूर्वाधार तथा सेवाको शुल्क निर्धारण, सङ्कलन र व्यवस्थापन,

३. ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर्र याफ्टिङ्ग, मोटरबोट, केवुलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क,

४. जडीबुटी, कवाडी र जीवजन्तु कर निर्धारण तथा सङ्कलन,

५. स्थानीय राजस्वको आधार विस्तार तथा प्रवर्द्धन,

६. ढुँगा, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुँगा आदि प्राकृतिक वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर सङ्कलन,

७. प्रचलित कानून बमोजिम गर्ने सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर निर्धारण र संकलन,

८. स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन,

९. राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान,

१०. सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

११. स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

१२. मालपोत सङ्कलन,

१३. कर तथा सेवा शुल्क सम्बन्धी अन्य कार्य।

ङ। स्थानीय सेवाको व्यवस्थापन

१. स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन,

२. संविधानको धारा ३०२ को उपधारा ९२० बमोजिम समायोजन भएका कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय,

३. सङ्गठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास,

४. स्थानीय कानून बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गरी सङ्गठन संरचना तथा दरबन्दी निर्धारण,

५. स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन,

६. जनशक्ति व्यवस्थापन तथा वृत्ति विकास,

७. स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य।

च। स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन

१. स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

२. आधारभूत तथ्याङ्क सङ्कलन र व्यवस्थापन,

३. जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँ सराइ दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन,

४. सूचना तथा सञ्चार, प्रविधियुक्त आधारभूत तथ्याङ्कको सङ्कलन र व्यवस्थापन,

५. स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन सम्बन्धी अन्य कार्य।

छ। स्थानीय स्तरका विकास आयोजना तथा परियोजना

१. विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड, तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

२. आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,

३. आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन,

४. सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यबस्थापन,

५. सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही शहरी विकास, बस्ती विकास र भवन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,

६. राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन,

७. सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण र मर्मत सम्भार तथा सञ्चालन र व्यवस्थापन,

८. सङ्घीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग,

९. सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन,

१०. सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून बमोजिमको ९घ० वर्गको इजाजतपत्रको जारी, नवीकरण तथा खारेजी,

११. पर्यटन क्षेत्रको विकास, विस्तार र प्रबर्द्धन सम्बन्धी आयोजनाहरुको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,

१२. नवीन पर्यटकिय सेवा तथा कार्यहरु सम्बन्धी आयोजनाहरुको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,

१३. विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य।

**ज। आधारभूत र माध्यमिक शिक्षा**

१. प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभुत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाई र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन, नियमन,

३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,

४. मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,

५. गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,

६. गाउँ तथा गाउँ शिक्षा समिति गठन तथा व्यवस्थापन,

७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,

८. विद्यालयको नामाकरण,

९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,

१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,

११. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,

१२. विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,

१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,

१४. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,

१५. विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन,

१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,

१७. ट्यूसन, कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,

१८. स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,

१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,

२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,

२१. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,

२२. शिक्षण सिकाई, शिक्षक र कर्मचारीको तालिम, क्षमता बिकास,

२३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

**झ। आधारभूत स्वास्थ्य र सरसफाई**

१. आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन,

२. आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्द्धन,

३. अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,

४. स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,

५. स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण र नियमन,

६. सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन,

७. स्वास्थ्यजन्य फोहरमैला सङ्कलन, पुनःउपयोग, प्रशोधन, विसर्जन र सो को सेवा शुल्क निर्धारण र नियमन,

८. रक्त सञ्चार सेवाको सञ्चालन तथा स्थानीय र शहरी स्वास्थ्य सेवा,

९. औषधि पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन,

१०. सरसफाई तथा स्वास्थ्य क्षेत्रबाट निस्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी,

११. परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन,

१२. महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन ।

**ञ। स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता**

१. स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

२. बजार तथा हाट बजार व्यवस्थापन,

३. स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन,

४. स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,

५. स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,

६. स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन,

७. स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान,

८. निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य,

९. स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन,

१०. स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन,

११. उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,

१२. वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन,

१३. स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,

१४. स्थानीयस्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचविखन र उपभोग तथा वातावरणीय प्रदूषण र हानिकारक पदार्थहरूको नियन्त्रण, अनुगमन तथा नियमन,

१५. स्थानीयस्तरमा सरसफाई तथा फोहरमैला व्यवस्थापन,

१६. स्थानीयस्तरमा नयून कार्बनमूखी तथा वातावरणमैत्री विकास अवलम्बन,

१७. स्थानीयस्तरमा हरित क्षेत्रको संरक्षण र प्रर्वद्धन,

१८. स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन,

१९. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी कार्य।

**ट। स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाई**

१. स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाई सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

२. स्थानीय, ग्रामीण तथा कृषि सडक, झोलुङ्गे पुल, पुलेसा, सिँचाई र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत, सम्भार र नियमन,

३. स्थानीयस्तरका सिँचाई प्रणालीको निर्माण, सञ्चालन, रेखदेख, मर्मत सम्भार, स्तरोन्नति, अनुगमन र नियमन,

४. यातायात सुरक्षाको व्यवस्थापन र नियमन,

५. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्बन्धी अन्य कार्य।

**ठ। गाउँ सभा, गाउँ सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन**

१. गाउँसभा वा गाउँसभा सम्बन्धी नीति, कानून र कार्यविधि,

२. स्थानीयस्तरका विषय क्षेत्रगत नीति तथा रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति,

३. सभाका समितिहरूको गठन र सञ्चालन ,

४. स्थानीय तहबीच साझा सरोकार तथा साझेदारीका विषयमा संयुक्त समिति गठन,

५. कार्यपालिका तथा न्यायिक समितिबाट सभामा प्रस्तुत प्रतिवेदनमाथि छलफल तथा सो सम्बन्धमा आवस्यक निर्देशन,

६. विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सुशासनको लागि कार्यपालिकालाई निर्देशन,

७. गाउँपालिका तथा गाउँपालिकालाई आर्थिक व्ययभार पर्ने विषयको नियमन,

८. स्थानीय मेलपिलाप र मध्यस्थता,

९. गाउँ सभा, गाउँ सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्बन्धी अन्य कार्य।

**ड। स्थानीय अभिलेख व्यवस्थापन**

१. स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, अनुगमन र नियमन,

२. जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैङ्गिक सशक्तीकरण सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पार्श्व चित्र तथा श्रोत नक्साको अद्यावधिक अभिलेखन ,

३. सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन,

४. सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यावसायको विवरण सहितको अद्यावधिक अभिलेख ,

५. आफ्नो क्षेत्रभित्र सम्पन्न भएका तथा चालु योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेखन ,

६. स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग,

७. स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

**ढ। जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण**

१. स्थानीय जग्गाको नाप नक्सा, कित्ताकाट, हालसाविक, रजिष्ट्रेशन नामसारी तथा दाखिल खारेज,

२. जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन,

३. भूमिको वर्गीकरण अनुसारको लगत,

४. सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण,

५. नापी नक्सा तथा जग्गाको स्वामित्व निर्धारण कार्यमा समन्वय र सहजीकरण,

६. जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण सम्बन्धी अन्य कार्य।

**ण। कृषि तथा पशुपालन कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी**

१. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

२. कृषि तथा पशुपन्छी बजार सूचना, बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन, अनुगमन र नियमन,

३. कृषि तथा पशुपन्छीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,

४. पशुपन्छी चिकित्सा सेवाको व्यवस्थापन,

५. कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन,

६. पशुनश्ल सुधार पद्धतिको विकास र व्यवस्थापन,

७. उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण,

८. स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन,

९. पशु आहारको गुणस्तर नियमन,

१०. स्थानीयस्तरमा पशुपन्छी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली,

११. पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन,

१२. पशुपन्छी सम्बन्धी बीमा र कर्जा सहजीकरण,

१३. पशुपालन तथा  पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य ।

**त। जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन**

१. सङ्घ र प्रदेश कानूनको अधीनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन,

२. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण,

३. जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन,

४. सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनर्स्थापना केन्द्र, ज्येष्ठ नागरिक केन्द्र तथा असक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन,

५. सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुनर्स्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन,

६. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन सम्वन्धी अन्य कार्य।

**थ। बेरोजगारको तथ्याङ्क सङ्कलन**

१. रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना,

२. स्थानीय स्तरमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको लगत सङ्कलन तथा सूचना व्यवस्थापन,

३. विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन,

४. सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रमशक्तिको सूचना तथा तथ्याङ्कको सङ्कलन तथा व्यवस्थापन,

५. रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन,

६. वैदेशिक रोजगारीमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालीमको सञ्चालन,

७. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सामाजिक पुनःएकीकरण,

८. वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग,

९. बेरोजगारको तथ्याङ्क सङ्कलन सम्बन्धी अन्य कार्य।

**द। कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण**

१. कृषि प्रसार सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन

२. कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन,

३. कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण,

४. कृषि बीउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन,

५. कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन,

६. स्थानीयस्तरमा कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण,

७. कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार,

८. स्थानीयस्तरका स्रोत केन्द्रहरूको विकास र व्यवस्थापन,

९. प्राङ्गारिक खेती तथा मलको प्रवर्द्धन र प्रचार प्रसार,

१०. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण सम्बन्धी अन्य कार्य ।

**ध। खानेपानी, साना जलविधुत आयोजना, वैकल्पिक उर्जा**

१. स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

२. खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन,

३. एक मेगावाटसम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड,योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

४. स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन नियमन,

५. स्थनीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन,

६. स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन,

७. खानेपानी, साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य।

**न। विपद् व्यवस्थापन**

१. विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन,

२. स्थानीयस्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय,

३. स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन,

४. विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण,

५. विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, सङ्घ संस्था तथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य,

६. विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन,

७. विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीयस्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

८. विपद् पश्चात स्थानीयस्तरको पुनर्स्थापना र पुनर्निर्माण,

९. स्थानीयस्तरको विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,

१०. स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली,

११. समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको सञ्चालन,

१२. विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

**प। जलाधार, वन्ययजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण**

१. जलाधार, वन्ययजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन,

२. पानी मुहानको संरक्षण,

३. सामुदायिक भू९संरक्षण र सो मा आधारित आय आर्जन कार्यक्रम,

४. भू९संरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन,

५. खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन,

६. बहुमूल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षण र सम्बर्द्धनमा सहयोग,

७. ढुङ्गा, गिट्टी, बालुवा, माटो तथा स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन,

८. भौगर्भिक नक्सा प्रकाशन।

**फ। भाषा, संस्कृति र ललित कलाको संरक्षण र विकास**

१. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

२. पुरातत्त्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास,

३. परम्परागरत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन,

४. भाषा, संस्कृति र ललित कलाको संरक्षण र विकास सम्बन्धी अन्य कार्य,

५. प्रचलित कानून बिरुद्धका कुरिती तथा कुसंस्कार बिरुद्ध सामाजिक परिचालन कार्य ।

## २।५ सङ्घ तथा प्रदेश कानूनको अधीनमा रही गाउँपालिका तथा गाउँपालिकाको काम, कर्तव्य र अधिकार,

### क। खेलकुद र पत्रपत्रिका

१. स्थानीयस्तरका खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास,

२. स्थानीयस्तरका खेलकुद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय,

३. खेलकुदको विकास र प्रवर्द्धन,

४. खेलकुद प्रतियोगीता आयोजना र सहभागीता,

५. खेलकुद सम्बन्धी पूर्वाधारको विकास,

६. स्थानीय तहका पत्रपत्रिकाको दर्ता, अभिलेख तथा नियमन।

## ख। स्वास्थ्य

१. सङ्घीय तथा प्रदेश स्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण,

२. जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्था र क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन,

३. स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण,

४. स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन,

५. स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन,

६. स्थानीयस्तरमा औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध  न्यूनीकरण,

७. स्थानीयस्तरमा औषधि र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण,

८. स्थानीयस्तरमा स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन,

९. स्थानीयस्तरमा जनस्वास्थ्य गिाउँनी ९पब्लिक हेल्थ सर्भेलेन्स०,

१०. स्थानीयस्तरको प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थानात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन,

११. स्वस्थ जीवनशैली, पोषण, शारीरिक ब्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन,

१२. जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन,

१३. सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि,

१४. आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन,

१५. जनस्वास्थ्य, आपत्कालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन,

१६. रोगको नियन्त्रण तथा रोकथाम,

१७. आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको व्यवस्थापन।

## ग। विद्युत, खानेपानी तथा सिंचाइ जस्ता सेवाहरू

१. विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन

२. खानेपानी महसुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन,

३. स्थानीय साना सतह तथा भूमिगत सिञ्चाई प्रणालीको सञ्चालन तथा मर्मत सम्भार, सेवा शुल्क निधारण र सङ्कलन सम्बन्धी व्यवस्थापन।

## घ। सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क

१. स्थानीय सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना सम्बन्धी नीति, कानून, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन र नियमन,

२. प्राकृतिक श्रोत साधन र सेवा शुल्क, रोयल्टी सङ्कलन, समन्वय र नियमन,

३. खनिज पदार्थको उत्खनन र सो सम्बन्धी रोयल्टी सङ्कलन,

४. सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी सङ्कलन,

५. पानीघट्ट, कूलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन ।

## ङ। वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता

१. वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

२. स्थानीयस्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती र साझेदारी वनको संरक्षण, सम्बर्द्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन,

३. मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापन,

४. स्थानीयस्तरमा नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन,

५. स्थानीयस्तरमा निजी वनको प्रबर्द्धन, अनुगमन र नियमन,

६. स्थानीयस्तरमा सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन,

७. स्थानीयस्तरमा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्भेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन,

८. वनबीउ बगैँचा स्थापना, व्यवस्थापन र प्रबर्द्धन,

९. नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन,

१०. वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यवसायिक पालन, उपयोग र अनुगमन,

११. मानव तथा वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन,

१२. स्थानीय प्राणी उद्यान ९चिडियाखाना० को स्थापना र सञ्चालन,

१३. स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन,

१४. स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन,

१५. स्थानीयस्तरमा वन, वन्यजन्तु तथा चराचुरुङ्गीको अभिलेखाङ्कन र अध्ययन अनुसन्धान,

१६. विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्त्विक महत्त्वका वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत,

१७. मिचाहा प्रजातिको नियन्त्रण,

१८. स्थानीयस्तरको जोखिम न्यूनीकरण,

१९. जैविक विविधताको अभिलेखाङ्कन,

२०. स्थानीयस्तरमा हरियाली प्रवर्द्धन,

२१. स्थानीय साना जल उपयोग सम्बन्धी क्षेत्रगत अयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र अनुगमन,

२२. रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन,

२३. स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,

२४. स्थानीयस्तरमा प्रदूषण नियन्त्रण र हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन,

२५. स्थानीयस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन,

२६. स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन।

## च। सामाजिक सुरक्षा र गरिबी निवारण

१. सामाजिक सुरक्षा तथा गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान,

२. लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन,

३. सामाजिक सुरक्षाको कार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य,

४. सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन,

५. गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन,

६. स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन।

## छ। व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क

१. व्यक्तिगत घटना ९जन्म,मृत्यु, विबाह, बसाइ९सराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री० को दर्ता,

२. व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

३. व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन।

## ज। स्थानीयस्तरमा पुरातत्व, प्राचीन स्मारक र सङ्ग्रहालय संरक्षण, सम्बर्द्धन र पुनःनिर्माण

### झ। सुकुम्बासी व्यवस्थापन

४. ९१० सुकुम्बासीको पहिचान र अभिलेख व्यवस्थापन,

५. ९२० सुकुम्बासी सम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्थापन ।

### ञ। प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी

१. प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन,

२. प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको सङ्कलन तथा बाँडफाँड।

### ट। सवारी साधन अनुमति

१. यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

२. स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन,

३. वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम संवेद्य, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको स्थानीय तहमा प्रवर्द्धन।

### ठ। संघ, संस्था दर्ता तथा नवीकरण

१. संघ, संस्था परिचालन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

२. स्थानीय स्तरका संघ, संस्थाको दर्ता तथा नवीकरण।

## २।६ गाउँपालिकाको अतिरिक्त काम, कर्तव्य र अधिकार

क। भूमि व्यवस्थापन

१. सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीयस्तरको भू९उपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन,
२. सङ्घीय तथा प्रदेशको मापदण्डको अधीनमा रही व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन,
३. स्थानीय स्तरमा अव्यवस्थित बसोबास व्यवस्थापन।

### ख। सञ्चार सेवा

१. सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन,
२. स्थानीय क्षेत्रमा सूचना प्रविधिको विकास र प्रवर्द्धन गर्ने।

### ग। यातायात सेवा

१. स्थानीय बस, ट्रली बस, ट्राम जस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,
२. राष्ट्रिय रेल पूर्वाधारको उपयोग तथा महागाउँीय क्षेत्रभित्र शहरी रेल सेवाको सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार, समन्वय, साझेदारी र सहकार्य ।

### घ। लघु, घरेलु र साना उद्योग

१. लघु, घरेलु र साना उद्योगको दर्ता नवीकरण, खारेजी, नियमन, विकास प्रवर्द्धन र व्यवस्थापन,
२. उद्यमशिलताको विकास र प्रवर्द्धन

## २।७ वडा समितिको काम, कर्तव्य र अधिकार

**क। वडाभित्रका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन ,**

१. सहभगितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने,

२. टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाहरूका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने,

३. वडाभित्रका योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने,

**ख। तथ्याङ्क अद्यावधिक तथा संरक्षण**

१. निजी घर तथा घर परिवारको लगत राख्ने,

२. ऐतिहासिक, पुरातात्त्विक, सांस्कृतिक तथा धार्मिक महत्त्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने,

३. खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, धार्मिक तथा सांस्कृतिक स्थल, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुँगेधारा, गुठीघर, बाटो, सडक, पुल पुलेसा, कुलो नहर, पानी घट्ट, मिलको तथ्याङ्क सङ्कलन गरी अद्यावधिक लगत राख्ने, संरक्षण गर्ने र खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पार्श्विर्चत्र तयार तथा अद्यावधिक गर्ने,

**ग। विकास कार्य**

१. बाल उद्यानको व्यवस्था गर्ने,

२. अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,

३. पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र, बालक्लव तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने,

४. वडा तहको स्वास्थ्य संस्था तथा सेवाको व्यवस्थापन गर्ने,

५. खोप सेवा कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा समन्वय गर्ने,

६. पोषण कार्यक्रमको सञ्चालन तथा समन्वय गर्ने,

७. वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,

८. शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने, गराउने,

९. सार्वजनिक शौचालय, स्नान गृह तथा प्रतिक्षालयको निर्माण र ब्यवस्थापन गर्ने, गराउने,

१०. वडास्तरीय सामुदायिक धाराको प्रबन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने,

११. घरबाट निकास हुने फोहरमैलाको सङ्कलन र व्यवस्थापन, चोक तथा गल्लीहरूको सरसफाई, ढल निकास, मरेका जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने, गराउने,

१२. कृषि तथा फलफूल नर्सरीको स्थापना, समन्वय र प्रवर्द्धन तथा वडास्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्ने,

१३. कृषि बीउ विजन, मल तथा औषधीको माग सङ्कलन गर्ने,

१४. कृषिमा लाग्ने रोगहरूको विवरण सङ्कलन गर्ने,

१५. पशुपंछी विकास तथा छाडा चौपायाको व्यवस्थापन,

१६. वडाभित्रको चरन क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने,

१७. स्थानीय समुदायका चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने गराउने,

१८. स्थानीय मौलिकता झल्किने साँस्कृतिक रीतिरीवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्ने,

१९. वडाभित्र खेलकुद पूर्बाधारको विकास गर्ने,

२०. अन्तर विद्यालय तथा क्लव मार्फत खेलकूद कार्यक्रमको सञ्चालन गर्ने गराउने,

२१. वडा क्षेत्रभित्रको वाटोघाटो चालु अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने,

२२. वडाभित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने,

२३. बाटोघाटोमा बाढी, पहिरो, हुरी तथा प्राकृतिक प्रकोपबाट उत्पन्न अवरोध पन्छाउने,

२४. घरेलु उद्योगको लगत सङ्कलन तथा सम्भाव्यता पहिचान गर्ने,

२५. वडाभित्र घरेलु उद्योगको प्रवर्द्धन गर्ने,

२६. प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सो को अभिलेख सङ्कलन तथा संरक्षण गर्ने,

२७. व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,

२८. वडालाई बालमैत्री बनाउने,

२९. वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्वन्धी काम गर्ने,

३०. विभिन्न समुदायका बीच सामाजिक सदभाव र सौहार्दता कायम गर्ने,

३१. बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने,

३२. प्रचलित कानूनको अधीनमा रही मालपोत तथा भूमि कर, व्यवसाय कर, वहाल कर, विज्ञापन कर, सःशुल्क पार्किङ्ग, नयाँ व्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र सङ्कलन गरी सम्बन्धित गाउँपालिका वा गाउँपालिकामा प्रतिवेदन सहित रकम बुझाउने,

३३. असक्त बिरामी भएको बेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुर्याई औषधोपचार गराउने,

३४. असहाय वा वेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने,

३५. सडक बालबालिकाको उद्धार र पुनर्स्थापनाको लागि लगत सङ्कलन गर्ने,

३६. वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने,

३७. वडा, टोल, बस्तीस्तरमा हरियाली क्षेत्र बिस्तार गर्ने गराउने,

३८. वडालाई वातावरणमैत्री बनाउने,

३९. प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूणर् खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरू गर्ने, गराउने,

४०. वडाभित्र घरबास पर्यटन ९होम स्टे० कार्यक्रम प्रबर्द्धन गर्ने ।

## घ। नियमन कार्य

१. वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको अनुगमन तथा नियमन गर्ने,

२. सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्वन्धी तालिम दिने,

३. खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने,

४. वडाभित्रका उद्योग धन्दा र व्यवसायको प्रबर्द्धन गरी लगत राख्ने,

५. हाट बजारको व्यवस्थापन गर्ने, गराउने,

६. विद्युत चुहावट तथा चोरी नियन्त्रणमा सहयोग गर्ने ।

## ङ। सिफारिस तथा प्रमाणित गर्ने

१. नाता प्रमाणित गर्ने,

२. नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने,

३. बहाल करको लेखाजोखा सिफारिस गर्ने,

४. बन्द घर तथा कोठा खोल्न रोहबरमा बस्ने,

५. मोही लगत कट्टाको सिफारिस गर्ने,

६. घर जग्गा करको लेखाजोखा सिफारिस गर्ने,

७. जन्म मिति प्रमाणित गर्ने,

८. व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा ब्यापार ब्यवसाय हुँदै नभएको सिफारिस गर्ने,

९. विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने,

१०. निःशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने,

११. वडाबाट जारी हुने सिफारिस तथा अन्य कागजलाई अङ्ग्रेजी भाषामा समेत सिफारिस तथा प्रमाणित गर्ने,

१२. घर पाताल प्रमाणित गर्ने,

१३. व्यक्तिगत विवरण प्रमाणित गर्ने,

१४. जग्गा धनी दर्ता प्रमाण पुर्जामा घर कायम गर्ने सिफारिस गर्ने,

१५. कुनै व्यक्तिको नाम, थर, जन्म मिति तथा वतन फरक९फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस गर्ने,

१६. नाम, थर,जन्म मिति संशोधनको सिफारिस गर्ने,

१७. जग्गा धनी दर्ता प्रमाण पुर्जा हराएको सिफारिस गर्ने,

१८. कित्ताकाट गर्न सिफारिस गर्ने,

१९. संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने,

२०. जीवितसँगको नाता प्रमाणित गर्ने,

२१. मृतकसँगको नाता प्रमाणित तथा सर्जिमन सिफारिस गर्ने,

२२. जीवित रहेको सिफारिस गर्ने,

२३. हकवाला वा हकदार प्रमाणित गर्ने,

२४. नामसारी गर्न सिफारिस गर्ने,

२५. जग्गाको हक सम्बन्धमा सिफारिस गर्ने,

२६. उद्योग ठाउँसारी गर्न सिफारिस गर्ने,

२७. आधारभूत विद्यालय खोल्न सिफारिस गर्ने,

२८. जग्गा मूल्याङ्कन सिफारिस गर्ने,

२९. विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने,

३०. अशक्त, असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस गर्ने,

३१. वैवाहिक अङ्गीकृत नागरिकता सिफारिस गर्ने,

३२. आर्थिक अवस्था कमजोर वा सम्पन्न रहेको सम्बन्धी सिफारिस गर्ने,

३३. विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने,

३४. धारा तथा विद्युत जडानको लागि सिफारिस गर्ने,

३५. जातीय पहिचान र जातीय सिफारिसको कार्य गर्ने,

३६. प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने।

## २.३ अन्तर सरकारी वित्त व्यवस्था ऐन

अन्तर सरकारी वित्त व्यवस्था ऐन २०७७ ले स्थानीय तहलाई देहाय बमोजिम विभिन्न कर, गैर कर तथा रोयल्टी लगाउन सक्ने अधिकार प्रदान गरेको छः

क दफा ३

१. स्थानीय तहले स्थानीय कानून बमोजिम अनुसूची (३ मा उल्लिखित कर तथा गैर कर लगाउन र उठाउन सक्नेछ ।

२. नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले प्रचलित कानून बमोजिम लागेको आफ्नो अधिकारभित्रको दण्ड जरिबाना उठाउनेछ ।

३. उपदफा (२) वा (३) बमोजिम प्रदेश तथा स्थानीय तहले कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश र स्थानीय तहलाई प्रतिकूल नहुने गरी लगाउनु पर्नेछ ।

ख दफा ४. गैर करको दर निर्धारणका आधारः

१. नेपाल सरकार, प्रदेश र स्थानीय तहले वस्तु वा सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी गैर करका दर निर्धारण गर्नु पर्नेछ ।

ग दफा ५. एकल कर प्रशासन सम्बन्धी व्यवस्थाः

१. दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश वा स्थानीय तहमध्ये कुनै दुई तहले उठाउने देहायका कर तथा गैर कर देहाय बमोजिम एकल कर प्रशासन सम्बन्धी व्यवस्था बमोजिम उठाइनेछः—

- प्रदेशले सवारी साधन कर उठाउँदा स्थानीय तहले सवारी साधनमा लगाएको कर समेत उठाउने,
- स्थानीय तहले घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउँदा प्रदेशले लगाएको घर जग्गा रजिष्ट्रेशन शुल्क समेत उठाउने,
- स्थानीय तहले विज्ञापन कर उठाउँदा प्रदेशले लगाएको विज्ञापन कर समेत उठाउने,
- स्थानीय तहले मनोरञ्जन कर उठाउँदा प्रदेशले लगाएको मनोरञ्जन कर समेत उठाउने

२. दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

क कर

- सम्पत्ति कर,
- घरवहाल कर,
- घरजग्गा रजिष्ट्रेसन शुल्क,
- सवारी साधन कर,
- भूमि कर (मालपोत),
- मनोरञ्जन कर,
- विज्ञापन कर,
- व्यवसाय कर

ख गैर कर

- सेवा शुल्क दस्तुर,
- पर्यटन शुल्क,
- दण्ड जरिबाना ।

ग स्थानीय तहको अधिकारक्षेत्रको विषयमा स्थानीय कानून र अन्य प्रचलित कानून अनुसार लगाइने अन्य कर तथा गैर कर

## २।८ संघीय विभिन्न कानून अन्तगत स्थानीय तहको काम कर्तव्य अधिकार

१. अपाङ्ग भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ ः अपाङ्ग भएका व्याक्तिलाई निशुल्क शिक्षा उपलब्ध गराउने, अपाङ्ग व्यक्ति प्रतिको दायित्व सम्बन्धी कार्य,

२. उपभोक्ता संरक्षण ऐन, २०५५ ले दिएको स्थानीय बजार अनुगमन समिति मार्फत सुलभ मूल्यमा गुणस्तरिय तथा स्वस्थ बस्तु तथा सेवाको उपलब्धाता सम्बन्धी कार्य,

३. खाद्य ऐन, २०२३ ले दिएको अनुगमन तथा निरिक्षण अधिकार अन्तर्गत स्वच्छ खाद्यवस्तुको उपलब्धता सम्बन्धी कार्य,

४. खाद्य अधिकार तथा खाद्य सम्प्रुभता सम्बन्धी ऐन, २०७५ दिएको स्थानीय तहको काम कर्तव्य र अधिकार सम्बन्धी कार्य,

५. घरेलु हिंसा ९कसुर तथा सजाय० ऐन २०६६ अनुसार स्थापना हुने सेवा केन्द्र सञ्चलन तथा व्यवस्थापन सम्बन्धी कार्य,

६. जन्म मृत्यु तथा अन्य व्यत्तिःगत घटना ९दर्ता० गर्ने ऐन २०३३ ले दिएको अधिकार अनतर्गत जन्म मृत्यु तथा अन्य व्यत्तिःगत घटना दर्ता एवं अभिलेख सम्बन्धी काय

७. जलचर संरक्षण ऐन, २०१७ अनुसार जलचर संरक्षण सम्बन्धी कार्य

८. जलश्रोत ऐन २०४९ ले दिएको अधिकार अन्तर्गत स्थानीय जल उपभोत्ता सम्बन्धी संस्था दर्ता नियमन तथा स्थानीय तहले जलश्रोत उपयोग वा विकास गर्ने सम्बन्धी कार्य ।

९. आवश्य वस्तु संरक्षण ऐन, २०१२ अनुसार आवश्यक बस्तुको हेरचाह गाउँपालिका वा गाउँपालिकाले पालो पहराको व्यवस्था गरी सुरक्षा गर्ने प्रवन्ध मिलाउनु पर्ने ।

१०. आवासको अधिकार सम्बन्धी ऐन, २०७५ अनुसार आवास सुविधा उपलब्ध गराउने कर्तव्य स्थानीय तह समेतको हुने ।

११. तथ्याङ्क ऐन, २०१५ अनुसार स्थानीय तहले विवरण वा तथ्याङ्क संकलन गर्ने सम्बन्धी कार्य ।

१२. गाउँ विकास ऐन, २०४५ अनुसार स्थानीय तहले जग्गा विकास कार्यक्रम संचालन गर्न सक्ने सम्बन्धी कार्य ।

१३. जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ अनुसार परिचयपत्र उपलब्ध गराउने सम्बन्धी कार्य ।

१४. जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ अनुसार परिचयपत्र उपलब्ध गराउने सम्बन्धी कार्य ।

१५. फोहोरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार फोहरमैलाको प्रबन्ध सम्बन्धी सम्पूणर् कार्य ।

१६. बालवालिका सम्बन्धी ऐन, २०७५ अनुसार बालबालिकाको अधिकार प्रचलन गराउने सम्बन्धी कार्य ।

१७. रोजगारीको हक सम्बन्धी ऐन, २०७५ अनुसार रोजगार केन्द्र सम्बन्धी कार्य ।

१८. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुसार स्थानीय विपद् व्यवस्थापन समिति सम्बन्धी तथा त्यसको काम, कर्तव्य र अधिकार सम्बन्धी कार्य

१९. भूउपयोग ऐन, २०७६ अनुसार जग्गाधनी श्रेष्ता र प्रमाणपुर्जा अद्यावधिक तथा भूउपयोग परिवर्तन गर्ने सम्बन्धी कार्य

२०. राष्ट्रिय प्रशारण ऐन, २०४९ अनुसारको अधिकारको प्रयोग ः एफ ईजाजत दिने कार्य

२१. शिक्षा ऐन, २०२८ अनुसारको काम कर्तव्य र अधिकारः विद्यालय व्यवस्थापन सम्बन्धी कार्य

२२. सहकारी ऐन, २०७४ ः सहकारी दर्ता सम्बन्धी कार्य ।

२३. सुशासन ९व्यवस्थापन तथा संचालन० ऐन, २०६४ ः सेवा प्रवाहको व्यवस्थापन सम्बन्धी काम ।

२४. सूचनाको हक सम्बन्धी ऐन, २०६४ ः सूचना सार्वजनिक गर्नुपर्ने कार्य ।

२५. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ ः सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी कार्यमा सहयोग गर्ने ।

## २.४ राष्ट्रिय योजना आयोगबाट गरिएको विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ बमोजिम स्थानीय सरकारका जिम्मेवारीहरु

यस मापदण्डमा विकास कार्यक्रम तथा आयोजना वर्गीकरणका दुई मुख्य आधारहरु तय गरिएको छ । ती मध्ये समष्टिगत आधारहरु अन्तर्गत विशेषत संघीय सरकारको दायित्व अन्तर्गत पर्ने विकास कार्यक्रमहरुको बारेमा उल्लेख गरिएको छ भने प्रदेश र स्थानीय तह अन्तर्गत पर्ने कार्यक्रमहरुलाई क्रमश ती तहहरुमा हस्तान्तरण गर्दै उनीहरुको क्षमता समेत विकास गर्दै लाने उल्लेख छ । स्पष्ट रुपमा किटान गरिएका स्थानीय तहका कार्यक्रमहरुलाई निम्नानुसार क्षेत्रगत आधारहरुमा वर्गीकरण गरी छुट्याइएको छ ।

क्षेत्रगत आधारहरु

क) शासकीय व्यवस्था एवमं सुशासन

- स्थानीय सुशासन र सेवा प्रवाह

ख) अर्थ

- स्थानीय योजना तथा सार्वजनिक वित्त व्यवस्थापन

ग) उद्योग, वाणिज्य तथा आपूर्ति

- उद्यमशीलता, व्यावसायिक सीप विकास
- लघु, घरेलु तथा साना उद्योग प्रवद्र्धन र विकास
- बजार अनुगमन
- उपभोक्ताको हक हितका विषयमा जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु

घ) ऊर्जा, जलस्रोत तथा सिंचाई

- ग्रामीण जलस्रोत व्यवस्थापन

- ३ मेगावाट सम्मका जलविद्युत आयोजना निर्माण र सञ्चालन
- ३ मेगावाट सम्मका सौर्य उर्जा आयोजना निर्माण र सञ्चालन
- साना जलस्रोत संरचनाको पुनर्निर्माण, पुनर्स्थापन, मर्मत सम्भार तथा व्यवस्थापन
- ग्रामीण तथा सामुदायिक विद्युतीकरण
- साना÷स्थानीय खोला नियन्त्रण तथा पहिरो व्यवस्थापन
- घरेलु तथा सामुदायिक बायोग्यास प्रणाली

ङ) कानून, न्याय तथा संसदीय मामिला

- स्थानीय सरकारका जनप्रतिनिधिहरुको न्याय सम्पादनसँग सम्बन्धित तालिम
- कानूनी शिक्षा सचेतना
- स्थानीय मेलमिलाप र मध्यस्थता
- स्थानीय तहको कानून निर्माण

च) कृषि तथा पशुपन्छी विकास

- कृषि तथा पशु उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्यहरु
- कृषि तथा पशु प्रसार सम्बन्धी कार्यहरु
- कृषि क्षेत्रको व्यावसायीकरण, बजारीकरण र औद्योगिकीकरणका लागि उत्पादन वृद्धि कार्यक्रम

छ) भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण

- राष्ट्रियस्तरमा प्रभाव पार्ने बाहेकका नाप नक्सा तथा सीमा नापी
- मुक्त कमैया तथा हलिया लगायत गरीब लक्षित विशिष्टीकृत कार्यक्रम
- गुठी, कोष तथा ट्रष्टहरुको व्यवस्थापन (नेपाल ट्रष्टको कार्यालय बाहेक)
- सहकारी दर्ता तथा सहकारीहरुको अनुगमन

ज) खानेपानी

- आधारभूत खानेपानी आयोजना
- तराई—मधेशमा ५ हजारसम्म, पहाडमा ३ हजारसम्म र हिमालमा ५ सय सम्मको जनसंख्यालाई खानेपानी सेवा पुऱ्याउने आयोजना
- खानेपानीको वितरण तथा अनुगमन
- सरसफाइ सम्बन्धी जनचेतना अभिवृद्धि
- ग्रामीण खानेपानी तथा सरसफाइ र फोहोरमैला व्यवस्थापन

झ) गृह

- मानव बेचबिखन र लागू औषध कारोबार सम्बन्धी सूचना संकलन तथा सचेतना
- नगर प्रहरी
- स्थानीय शान्ति समिति सम्बन्धी कार्य

- विपद् व्यवस्थापन

ट) भौतिक पूर्वाधार तथा यातायात

- नेपालको संविधानको अनुसूची (८) मा उल्लेख भएको स्थानीय सरकारको क्षेत्राधिकारमा रहेको स्थानीय सडक, कृषि सडक तथा ग्रामिण सडकको विकास तथा बिस्तार
- ग्रामिण सडक तथा सामुदायिक पूर्वाधारको विकास तथा विस्तार
- स्थानीय स्तरको यातायात नीति, अनुमति नियमन र व्यवस्थापन
- स्थानीय यातायात व्यवस्थापन तथा सडक सुरक्षा

ठ) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक

- स्थानीयस्तरका महिला विकास कार्यक्रम
- महिला सचेतना तथा विकास सम्बन्धी तालिम तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम
- सामाजिक संरक्षण प्राप्त गर्ने लाभग्राहीलाई परिचय पत्र वितरण, ज्येष्ठ नागरिक मञ्च सञ्चालन, दिवा सेवा केन्द्र सञ्चालनका कार्य
- सामाजिक संरक्षणका स्थानइ क्रियाकलापहरु

ढ) युवा तथा खेलकुद

- स्थानीय स्तरमा युवा जागरण, सशक्तीकरण र परिचालन
- स्थानीय स्तरमा युवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास
- स्थानीय स्तरमा खेलकुद विकास तथा यसका पूर्वाधारहरुको विकास, निर्माण र स्तरोन्नति

- स्थानीय स्तरका खेल प्रतियोगिता आयेजना

ण) वन तथा वातावरण

- स्थानीय स्तरमा सामुदायिक, ग्रामीण तथा सहरी, धार्मिक, कबुलियती वनको संरक्षण, सम्बद्र्धन, उपयोग र नियमन स्थानीय स्तरमा जडिबुटि तथा अन्य गैरकाष्ठ वन पैदावर सम्बन्धी सर्वेक्षण, उत्पादन, संकलन, प्रवद्र्धन, प्रशोधन र बजार व्यवस्थापन
- स्थानीय प्राणी उद्यान (चिडियाखाना) स्थापना र सञ्चालन
- भू तथा जलाधार संरक्षण
- प्रदूषण नियन्त्रण
- स्थानीयस्तरको जलवायु अनुकूलन तथा न्यूनीकरण सम्बन्धी क्रियाकलापहरु
- विरुवा उत्पादन तथा वृक्षारोपण
- वन उद्यम
- प्रकृतिमा आधारित पर्यटन
- डढेलो नियन्त्रण तथा व्यवस्थापन
- स्थानीय स्तरको भू—उपयोग योजना तथा हरित उद्यम क्षेत्र निर्धारण
- स्थानीय स्तरको वन, वनस्पति, जैविक विविधता, वन्यजन्तु संरक्षण
- काष्ठ तथा गैर काष्ठ उद्योगहरुको स्थापना र व्यवस्थापन
- सडक तथा नहर किनारा वृक्षारोपण र व्यवस्थापन

ण) कृषि वन

- नदी उकास क्षेत्रमा वृक्षारोपण, घाँस रोपण तथा व्यवस्थापन
- वन्यजन्तु पालन

त) शिक्षा, विज्ञान तथा प्रविधि

- विद्यालय शिक्षासँग सम्बन्धित कार्यहरु
- अनौपचारिक शिक्षा, साक्षरता कार्यक्रम
- बाल विकास कार्यक्रम
- शैक्षिक तथ्यांक र अभिलेख व्यवस्थापन
- द्वन्द्वपीडित परिवार शिक्षाको व्यवस्थापन (सहिद प्रतिष्ठान मार्फत सञ्चालन हुने शिक्षा कार्यक्रम)
- विशेष प्रकृतिका छात्रवृत्ति (द्वन्द्वपीडित, सहिद परिवार, विपन्न लक्षित)
- विद्यालय तहका शिक्षकहरुको सेवा सुविधा सम्बन्धी कार्यहरु

थ) श्रम, रोजगार तथा सामाजिक सुरक्षा

- सामाजिक सुरक्षाका कार्यक्रम
- स्थानीय स्तरको सीप विकास र रोजगार प्रवद्र्धन

द) सहरी विकास

- सहरी विकास, बस्ती विकास र भवन सम्बन्धी स्थानीय तहको नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन
- एकीकृत बस्ती विकासको लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन
- स्थानीय तहका सहरी पूर्वाधार
- स्थानीय तहका सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह तथा अन्य सार्वजनिक भवन र संरचना निर्माण र मर्मत संभार

ध) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन

- स्थानीय पर्यटन पूर्वाधार
- स्थानीय स्तरका ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदा स्मारक संरक्षण
- परम्परागत जात्रा मेला संचालन र व्यवस्थापन
- संस्कृति तथा पर्यटन प्रवद्र्धन सम्बन्धी कार्यहरु

न) संघीय मामिला तथा सामान्य प्रशासन

- ड्ड पञ्जीकरण दर्ता तथा अभिलेख व्यवस्थापन
- ड्ड स्थानीय पूर्वाधार तथा ग्रामीण विकास
- ड्ड सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन

प) सञ्चार तथा सूचना प्रविधि

- १०० वाट सम्मका एफ.एम. रेडियो सञ्चालन अनुमति, नवीकरण र नियमन

- स्थानीय क्षेत्र भित्र टेलिसेन्टर सञ्चालन चलचित्र भवन निर्माण इजाजत तथा जाँचपास
- स्थानीय तहका पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख र नियमन
- स्वास्थ्य तथा जनसंख्या
- आधारभूत स्वास्थ्य सेवा
- स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र तथा जिल्ला अस्पतालको सञ्चालन र व्यवस्थापन
- विभिन्न रोग सम्बन्धी रोकथाम, नियन्त्रण, जनचेतना, प्रबद्र्धनात्मक र उपचारात्मक कार्यक्रम

ब) योजना तथा तथ्याङ्क व्यवस्थापन

- स्थानीय योजना तर्जुमा, अनुगमन, मूल्यांकन र अनुशिक्षण
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना
- दिगो विकास लक्ष्यको स्थानीय तहको कार्यान्वयन
- सार्वजनिक निजी साझेदारी सम्बन्धी स्थानीय योजना तथा कार्यान्वयन
- स्थानीय तथ्यांक र अभिलेख सम्बन्धी योजना, संकलन तथा व्यवस्थापन
- व्यक्तिगत घटना दर्ता, अभिलेख व्यवस्थापन र प्रतिवेदन

## ३.२ कार्यक्रमको विश्लेषण

विद्यमान ऐन, कानून तथा सान्दर्भिक वैधानिक व्यवस्था अनुरुप गाउँपालिकाको आधारभुत सुरक्षाको लागि नगर प्रहरीको संचालन देखि लिएर स्थानीय अर्थतन्त्रको विकासको लागि सहकारीको संचालन र नियमन, एफ.एम. सञ्चालन, स्थानीय तहको आन्तरिक आम्दानी बृद्धि गर्न विभिन्न प्रकृतिका कर दस्तुर तथा शुल्क संकलन गर्ने कार्य, स्थानीय तहमा कार्यरत कर्मचारीहरुले प्रदान गर्ने सेवाको मापदण्ड नीति कानुन तर्जुमा गर्ने स्थानीय तहको विकासको लागि सडक, सिँचाई, खानेपानी, उर्जा लगायतका पूर्वाधारको विकास गर्ने, स्थानीय तहमा आवधिक र वार्षिक विकास आयोजनाहरुको संचालन गर्ने, आधारभूत शिक्षा, स्वास्थ्य र समाज कल्याणका कार्य सम्पादन गर्ने, स्थानीय तहको वातावरण तथा जैविक विविधताको संरक्षण गर्ने, हाटबजारको व्यवस्थापन गर्ने, गाउँ/नगर सभाको संचालन गरी नीतिगत तथा कानुनी प्रबन्ध मिलाउने, स्थानीय तहको सार्वजनिक सम्पत्तिको संरक्षण तथा व्यवस्थापन गर्ने, कृषि पशुपालन आय आर्जनका कार्यक्रम मार्फत स्थानीय अर्थतन्त्रको विकास गर्ने, भाषा कला संस्कृतिको विकास गर्ने लगायतको फराकिलो जिम्मेवारी प्राप्त भएको छ ।

स्थानीय तहले उल्लेखित जिम्मेवारीका साथै संघीय सरकारबाट प्रद्धत्त जिम्मेवारीका साथै प्रदेश सरकारबाट प्राप्त जिम्मेवारी सम्पादन गरी विभिन्न प्रकारका विकास निर्माणका कार्य र सेवा प्रवाहको प्रभावकारी व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको छ ।

विभिन्न विषयगत मन्त्रालयबाट प्राप्त थप जिम्मेवारी, दातृ निकायबाट संचालित आयोजना तथा कार्यक्रमको व्यवस्थापन, निजीक्षेत्र सँगको सहकार्यमा संचालित कार्यक्रम आदिले गर्दा गाउँपालिकाको कार्यचाप निरन्तर रुपमा वृद्धि भैरहेको अवस्था छ ।

## २।३ उपलब्ध मानव श्रोतको आँकलनः

विगतमा चार वटा शाखा र इकाइमा कुल जनशक्ति रहेकोमा हाल प्रशासन इन्जिनियरिंग शिक्षा कृषि स्वास्थ्य गरी विभिन्न सेवाका कुल जनशक्ति सहितको संरचना प्रस्ताव गरिएको छ ।

## ३।६ गाउँपालिकाको वित्तीय अवस्थाको विश्लेषणः

### क आयको आकार

| क सं | आ व | अनुदान | राजश्व आम्दानी | जम्मा आम्दानी |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

### ख खर्चको आकार

| क सं | आ.व | पुँजीगत खर्च | चालू खर्च | जम्मा खर्च |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

### प्रस्तावित जनशक्तिको आर्थिक व्ययभार

माथि उल्लेख भए अनुसार विद्यमान ....... कर्मचारीहरूका लागि वार्षिक जम्मा रू..... करोड .... लाख .... हजार ..... सय ...... वार्षिक आर्थिक व्यय भई रहेको देखिन्छ । अर्कोतर्फ प्रस्तावित दरवन्दी अनुसार थप भई हुन आउने .........जना कर्मचारी दरवन्दीका लागि रु. खर्च हुने देखिन्छ । यसर्थ हालको व्ययभारमा रु. थपिन आउने देखिन्छ अर्थात् हालको व्ययभारमा जम्मा प्रतिशतले बृद्धि हुने देखिन्छ ।

यसरी बृद्धि हुने रकम गाउँपालिकाले आफ्नो आन्तरिक श्रोतबाट व्यहोर्नु पर्ने भएकोले दरवन्दी सिर्जना गर्दा आयस्रोतलाई प्रमुख रुपमा मध्यनजर गरी निर्णय लिन सुझाव दिईन्छ ।

| क.सं. | दरबन्दी (तह) | संख्या | तलब | मासिक भत्ता | वार्षिक भत्ता | संचयकोष | १२ महिनाको जम्मा | जम्मा | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८ | १ | | | | | | | |
| २ | ६ | ७ | | | | | | | |
| ३ | ५ | २३ | | | | | | | |
| ४ | ४ | २६ | | | | | | | |
| ५ | कार्यालय सहयोगी | २१ | | | | | | | |
| ६ | ड्राइभर | ३ | | | | | | | |
| | जम्मा | ८१ | | | | | | | |
| | | | | | | | | कार्यालयको जम्मा(१२ महिनाको) | |
| | | | | | | | | चाडवाड खच | |
| | | | | | | | | लुगा भत्ता | |
| | | | | | | | | विमा खर्च | |
| | | | | | | | | गाउँपालिकाको जम्मा | |
| | वडा तर्फ | | | | | | | | |
| ७ | ५ | | | | | | | | |
| ८ | ४ | | | | | | | | |
| ९ | कार्यालय सहयोगी | | | | | | | | |
| | जम्मा | | | | | | | | |
| | | | | | | | | कार्यालयको जम्मा(१२ महिनाको) | |
| | | | | | | | | चाडवाड खच | |
| | | | | | | | | लुगा भत्ता | |
| | | | | | | | | विमा खर्च | |
| | | | | | | | | वडा कार्यालयको जम्मा | |
| | | | कुल जम्मा | | | | | | |

# खण्ड चारः प्रस्तावित संगठन संरचनाको औचित्य र व्याख्या

## ४.१ प्रस्तावित संगठन संरचनाको औचित्य र व्याख्या

साविकको संगठन संरचनामा ४ वटा शाखा रहेकोमा प्रस्तावित संरचनामा १३ वटा शाखाहरु सुझाव गरिएको छ ।

१. प्रस्तावित संरचनामा साविकको प्रशासन, योजना तथा अनुगमन शाखा अन्तर्गतका प्रशासन इकाइ र आर्थिक प्रशासन इकाइहरुसँग सम्बन्धित कार्यहरुको बढ्दो व्यापकतालाई मध्यनजर गरी सामान्य प्रशासन शाखा र आर्थिक तथा राजस्व प्रशासन शाखाका रुपमा छुट्टाछुट्टै विकास गर्न सुझाव गरिएको छ । सामान्य प्रशासन शाखा अन्तर्गत स्थानीय प्रशासनसँग सम्बन्धित सबैजसो काम कार्यवाहीहरु जस्तो स्थानीय सेवा तथा जनशक्ति विकास, बजार व्यवस्थापन, यातायात तथा उपभोक्ता हित संरक्षण, जिन्सी व्यवस्थापन तथा खरिद, कानूनी मामिला, नगर प्रहरी, सूचना तथा प्रविधि साथै यस शाखा मातहत रहने सम्पूर्ण वडा कार्यालयहरु रहेका छन् ।

२. आर्थिक तथा राजश्व प्रशासन शाखा अन्तर्गत मूलतः दुई वटा इकाईहरु रही आर्थिक प्रशासनसँग सम्बद्ध सबै विषयहरु तथा स्थानीय राजश्व संकलनका कामहरु जिम्मेवारी प्रदान गर्ने गरी प्रस्ताव गरिएको छ ।

३. त्यसैगरी गाउँपालिकाको विकास प्रयासलाई मूर्त रुप दिन साविकको प्रशासन, योजना तथा अनुगमन शाखा अन्तर्गतको योजना तथा अनुगमन इकाई सँग पूर्वाधार विकास इकाइ तथा वन, वातावरण, जलश्रोत तथा विपद् व्यवस्थापन इकाइ थप गरी योजना, अनुगमन तथा इञ्जिनियरिङ शाखाका रुपमा विस्तार गर्ने प्रस्ताव गरिएको छ ।

४. नेपालको संविधान र कल्याणकारी राज्यको अवधारणा अनुरुप सामाजिक कल्याणको क्षेत्रमा गाउँपालिकाको योगदान अभिवृद्धि गर्न साविकको सामाजिक तथा आर्थिक विकास शाखालाई केही फराकिलो हुने गरी उद्योग, सहकारी, वित्त तथा रोजगार प्रवद्र्धन, कृषि विकास, पशुपंक्षी विकास र पर्यटन तथा संस्कृति विकास इकाई समेत थप गरिएको छ ।

५. सामान्यतया शिक्षा तथा स्वास्थ्य क्षेत्रहरु सामाजिक विकास शाखाभित्र पर्ने भएतापनि विद्यमान कर्मचारी दरवन्दीका कारण छुट्टै शाखाको रुपमा प्रस्ताव गरिएको छ । स्वास्थ्य शाखा अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्रहरु, स्वास्थ्य चौकीहरु, आधारभूत स्वास्थ्य केन्द्रहरु तथा भविष्यमा विकसित हुने पन्ध्र सैयाका अस्पतालहरुको समेत व्यवस्थापन गर्ने गरी प्रस्ताव गरिएको छ ।

६. साविकको शिक्षा, युवा तथा खेलकुद शाखा अन्तर्गत यूवा तथा खेलकुद विकास इकाई, बाल विकास, आधारभूत तथा माध्यमिक शिक्षा इकाई र प्राविधिक, व्यवसायिक तथा अनौपचारिक शिक्षा इकाई गरी तीन वटा इकाईहरु प्रस्ताव गरिएको छ ।

७. साविकको आन्तरिक लेखापरीक्षण इकाईलाई एक स्वायत्त इकाईको रुपमा छुट्टै प्रस्ताव गरिएको छ । प्रस्तावित परिवर्तनले स्वभाविक रुपमा कर्मचारीको दरबन्दी संरचनामा समेत परिवर्तन गरेको छ ।

८. थप विवरण अनुसूची ३(क) र ३(ख) मा उल्लेख छ ।

## ४.२ प्रस्तावित दरवन्दी औचित्य र व्याख्या

१। हाल प्रस्तावित दरबन्दी अन्तर्गत प्रमुख प्रशासकीय अधिकृत बाहेक प्रशासन सेवा तर्फ छैठौं तहको अधिकृत ..... जना रहेकोमा सोही बमोजिम रहन प्रस्ताव गरिएको छ । कायम गरिएको .......... वटा दरवन्दी सामान्य प्रशासन शाखाको शाखा प्रमुख साथै आर्थिक तथा राजश्व प्रशासन शाखाको शाखा प्रमुखको रुपमा रहनेछन् । सामान्य प्रशासन शाखा अन्तर्गतका इकाईहरुको कार्यक्षेत्र व्यापक रहेको छ । अर्कोतर्फ आर्थिक तथा राजश्व प्रशासन शाखा समेत पर्याप्त कार्यभार रहेको शाखा हो ।

२। शिक्षा तर्फको छैठौं तहको ..........जना अधिकृत शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुखको रुपमा रहने छन् ।

३। स्वास्थ्य तर्फ छैठौं तहको ......... जना अधिकृतको दरवन्दी आवश्यक नभएकोले हटाइएको छ । स्वास्थ्य तर्फ प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रका साथै भविष्यमा विकास हुने १५ सैयाको अस्पताल हेर्ने जिम्मेवारी समेत स्वास्थ्य शाखामा रहनेछ ।

४। थप भएको कार्यालय सहायक तर्फ साविकको भन्दा पाँचौं तहको ...... जना दरवन्दी विभिन्न इकाईहरुमा रही सहयोगीको रुपमा कार्यचापलाई सहज बनाउन आवश्यक ठानिएको दरवन्दी हो ।

५। अ.हे.व., अ.न.मी र ल्याव असिस्टेन्ट गरी जम्मा ....... जना थप गरी स्वास्थ्य तर्फ छैठौं तहको कर्मचारीहरुले स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईहरु अन्तर्गत रहेर काम गर्नु पर्नेछ । यो दरवन्दी आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नको लागि आवश्यक ठानिएको छ ।

६. शिक्षा तर्फ पाँचौं तहको ..... दरवन्दी बाल विकास, आधारभूत तथा माध्यमिक शिक्षा इकाईको जिम्मेवारी बहन गर्ने गरी तय गरिएको हो । प्राविधिक, व्यवसायिक तथा अनौपचारिक शिक्षा बाहेक माथि उल्लेखित क्षेत्र समेत व्यापक रहेको छ ।

७. थप गरिएको ईन्जिनियरिङ तर्फ ..... जना सब—इन्जिनियर र ..... जना अमिन इन्जिनियरिङ शाखामा रही गाउँपालिकाभर नाप, नक्सा तथा पूर्वाधार विकास तर्फ अनुगमन सम्बन्धि कामहरु गर्नेछन् ।

८. थप भएको ..... जना सवारी चालक र ..... कार्यालय सहयोगीले कार्यालय संचालनमा आवश्यक सरसहयोग गर्न अनिवार्य ठानिएको छ ।

### ४.३ प्रस्तावित शाखातथा इकाईहरुको कार्य विवरण

राजपुर गाउँपालिकाको प्रस्तावित शाखा तथा इकाईहरुको कार्य विवरण अनुसूची ४ बमोजिम प्रस्ताव गरिएको छ ।

# खण्ड पाच सुझाव तथा निष्कर्ष

५।४ सुझावहरु

१. नयां संरचना अनुसारको दरवन्दीमा सकेसम्म नयाँ नियुक्ति नगरी कार्यरत कर्मचारीबाटै कार्यसम्पादन गर्ने,

२. थप हुने कर्मचारी दरवन्दी बमोजिम पूर्ति गर्दा स्थानीय तहमा रहने कर्मचारीको तह मिलान गर्ने,

३. विद्यमान अवस्थामा तह मिलान हुन बांकी रहेको कारण देखिएको द्विविधालाई स्पष्ट गर्न कर्मचारीको तह मिलान गरी गाउँपालिकाको कार्यबोझ हेरी अत्यावश्यक दरवन्दी मात्र स्वीकृत गर्ने,

४. विद्यमान संगठन तथा कर्मचारी दरवन्दी संख्यामा हुन आएको हेराफेरीलाई कार्यालयको कार्यबोझ, पर्न आउने आर्थिक व्ययभार, थपहुन आएको जिम्मेवारी र गाउँपालिकाको विकास र सेवा प्रवाहमा गाउँपालिकाले खेल्नुपर्ने भूमिकालाई मध्यनजर गरी आवधिक रुपमा संरचना एवं कर्मचारी संख्यामा अझै परिमार्जन गर्दै जाने,

५. प्रस्तावित संगठन संरचना र कर्मचारी दरवन्दी अनुसार हालको व्यवस्था, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९० अनुसार पद र तह मिलान गर्न व्यवहारिक हुने,

६. प्रस्तावित संगठन र कर्मचारी दरवन्दी कार्यान्वयन गर्नु अघि प्रतिवेदनको खाकाभित्र रही प्रतिवेदन कार्यान्वयन कार्ययोजना बनाई अत्यावश्यक दरवन्दी स्वीकृत गरी पदपूर्तिका लागि कारवाहि अघि बढाउन उपयुक्त हुने,

७. विद्यमान अवस्थामा नेपाल सरकारबाटस्थानीय तहमा समायोजन भई आएका र अव आउने कर्मचारी र स्थानीय तहमा कार्यरत कर्मचारीको तह मिलान स्पष्ट हुने,

८. स्थानीय स्रोत परिचालन गर्न सकिएन भने अन्तर सरकार वित्त व्यवस्थपन ऐन, २०७४ तथा अन्य कानूनले तोकेको प्रशासनिक खर्चको सीमाभित्र खर्च नपुग्ने हुँदा आम्दानीका क्षेत्रको खोजी विस्तार र प्रवद्र्धन गर्ने,

९. विगत वर्षको आम्दानीको अनुपातलाई ध्यान दिई प्रवद्र्धन र विस्तार गर्ने,

१०. कर्मचारीलाई नयाँ सम्भावना, जानकारी, विषयगत दक्षता बृद्धि गर्न तालिम, अनुशिक्षण गर्ने, कार्य जिम्मेवारी दिई वस्तुगत आधारमा मूल्यांकन गर्ने परिपाटी स्थापित गर्ने,

११. स्थानीय तहमा रहने सबै प्रकारका कर्मचारीलाई साझा वृत्ति विकासको अबसर सृजना हुने गरी स्थानीय सेवको कानून तर्जुमा गर्ने

१२. निर्वाचित जनप्रतिनिधिलाई सहभागिता मूलक योजना छनौट प्रकृयामाको चरणहरु प्राथमिकता पहिचान देखि योजना छनौट र कार्यान्वयन सम्मका प्रकृयामा सहयोग पुर्‍याउने गरी कर्मचारी संयन्त्र प्रयोग गर्ने ।

१३. गाउँपालिकालाई भविश्यमा थप भार पर्ने गरी कार्यक्रम पिच्छे जनशक्ति थप्ने प्रवृत्तिको अन्त्य गर्ने ।

१४. आन्तरिक लेखापरिक्षण शाखामालाई प्रभावकारी परिचालनको आन्तरिक लेखापरिक्षणमा मात्र परिचालन गर्ने ।

१५. विषय र क्षेत्रगत रुपमा दक्ष वनाउन कर्मचारीको अनुशिक्षण, तालीम व्यवस्था गर्नुपर्ने,

१६. पुस्तकालय तथा सूचना केन्द्र सम्बन्धी, योजना प्राथमिकीकरण, समाजिक विकास र समावेशी सिद्धान्त, राजस्व र कर शुल्क, मानव श्रोत, आन्तरिक नियमन आदिमा अनुशिक्षण तालीम दिने व्यवस्था गर्न पर्ने ।

१७. कार्यबोझको आधारमा हाल एक भन्दा बढी शाखाहरु एकआपसमा मर्ज गरी कार्यजिम्मेवारी दिने ।

१८. कर्मचारी समायोजन प्रकृयामा साविक स्थानीय तहबाट कार्यरत कर्मचारीहरुमा आफूहरुको तह वृद्धि नभएकोले कर्मचारीमा उत्प्रेरणा नदेखिएकोले उपयुक्त विधिबाट बढुवा तथा स्तरबृद्धि गरिनुपर्ने ।

## ५।२ निष्कर्षः

कर्मचारी समायोजन ऐन, २०७५ अनुसार समायोजन भएका निजामती कर्मचारी, अन्य सरकारी सेवाका कर्मचारी तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार साविकमा सोहि स्थानीय निकायमा कार्यरत रही समायोजन भएका कर्मचारी र जिल्ला समन्वय समितिको कार्यलयमा कार्यरत मध्य समायोजन भई आएका कर्मचारी हाल गाउँपालिकारगाउँपालिकामा कार्यरत रहेका छन् । कर्मचारी समायोजन ऐन, २०७५ अनुसार कर्मचारी समायोजन प्रयोजनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको संगठन संरचना तथा दरवन्दीलाई आधार रुपमा लिईएको छ । नेपालको

संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानून अनुसार स्थानीय तहको कार्य जिम्मेवारी तथा अधिकार ध्यान दिदै स्थानीय तहको कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता मध्यनजर गरी उल्लेखित कानूनी आधारमा रहेर नयाँ संगठन संरचना र दरबन्दीको सिफारिस गरिएको छ । कतिपय शाखाको जिम्मेवारी तथा कार्यविवरण यथावत राखि त्यसमा कार्यरत कर्मचारीलाई नै थप दक्षता सहित उत्प्रेरित गराएमा विषय, कार्यक्षेत्र र काम कार्वाहीलाई यथावत् रुपमा निरन्तरता दिन सकिने अवस्था रहेको देखिन्छ । निश्चित रकमको योजना संचालनमा वडा तथा टोल विकास संस्थालाई जिम्मेवार बनाई अनुसार गाउँपालिकारगाउँपालिकावाट मितव्यीता रुपमाा जनशत्ति व्यवस्थापनमा गर्न सकिने अबस्था रहेको छ । गाउँपालिकारगाउँपालिकाको काममा सिर्जनात्मकतालाई विस्तार गरी श्रोत साधन बढाउने र आन्तरिक वृत्ति विकास योजनाको लक्षित मार्गलाई समेट्नी गरी थप दरवन्दीको राख्न सकिने देहिन्छ ।


स्थानीय तहमा शाखा वा शाखा रहेको सगंठन संरचना कायम गर्न सकिने प्राबधान रहेको छ । त्यसैगरी कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ उपदफा ९१०० मा कर्मचारी समायोजनको कार्य सम्पन्न भइ सकेपछि प्रदेश सरकार वा स्थानीय तहले आवश्यकता अनुसार सङ्गठन संरचना वा दरबन्दी थपघट’ हेरफेर वा परिमार्जन गर्न सक्ने व्यवस्था रहेको छ । यी कानूनी संरचना र प्रचलित व्यवहारलाई ध्यानमा राखी यो सांगठनिक ढाँचा तयार गरिएको हो ।वर्तमान अवस्थामा विशेष गरेर गाउँपालिकारगाउँपालिकाकाले संबिधान, विद्यमान ऐन नियम र प्रचलित कार्य सीमा र प्रणाली भन्दा फरक ढंगको संगठन संरचना परिकल्पना गरेर वौद्धिक अभ्यास गर्नु त्यति सान्दर्भिक छैन । स्थानीय स्तरमाा सेवा प्रबाहका लागि छुट्टै कुनै थप निकाय तीनै तहको सरकारबाट राख्न जरुरी देखिएन् । संघ तथा प्रदेशस्तरवाट प्रदान गर्ने सेवा स्थानीय तहलाई अधिकार प्रत्यायोजन गरी गर्न सकिन्छ । स्थानीय तहले गर्नुपर्ने विशिष्टिकृत सेवा जस्तो स्वास्थ्य, कृषि, पशु विकासको लगि प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रहने गरी सेवा केन्द्ररस्वास्थ्य चौकी राख्नु प्रभावकारी देखिन्छ ।

# अनुसूचीहरू

## अनुसूची - १

**गाउँपालिकाको विद्यमान संगठन संरचनाको स्वरुप निम्न अनुसार रहेको छ**

**हालको संगठनात्मक चार्ट**




**नोट : संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको यो संगठनात्मक ढाँचा अन्तरिम संगठनात्मक ढाँचा भएकोले पूर्णत कार्यान्वयनमा आएको छैन र सो अनुसारको दरवन्दीहरु मिलेको छैन**

अनुसूची - १ (क)

विद्यमान दरबन्दी तेरीज

| क. सं. | पद | तह | सेवा | समूह | हालको दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिृकत | आठौं | प्रशासन | सा.प्र. | | |
| २ | अधिकृत | छैठौं | प्रशासन | सा.प्र. | | |
| ३ | लेखा अधिकृत | छैठौं | प्रशासन | लेखा/राजश्व | | |
| ४ | इन्जिनियर | छैठौं | इन्जि. | सिभिल | | |
| ५ | सूचना प्रविधि अधिकृत | छैठौं | इन्जि. | सूचना प्रविधि | | |
| ६ | शिक्षा अधिकृत | छैठौं | शिक्षा | शि.प्र. | | |
| ७ | हे.अ. अधिकृत | छैठौं | स्वास्थ्य | हे.ई | | |
| ८ | अधिकृत | छैठौं | स्वास्थ्य | हे.ई | | |
| ९ | अधिकृत प्राविधिक | छैठौं | कृषि | कृषि प्रसार | | |
| १० | अधिकृत प्राविधिक | छैठौं | कृषि | ला.पो.डे.डे. | | |
| ११ | सहायक | पाँचौं | प्रशासन | सा.प्र. | | |
| १२ | सहायक | पाँचौं | प्रशासन | लेखा/राजश्व | | |
| १३ | आन्तरिक लेखा परिक्षक | पाँचौं | प्रशासन | लेखा परीक्षण | | |
| १४ | सब-इन्जिनियर | पाँचौं | इन्जि. | सिभिल | | |
| १५ | सहायक | पाँचौं | शिक्षा | शि.प्र. | | |
| १६ | हे.अ. | पाँचौ | स्वास्थ्य | हे.ई. | | |
| १७ | प्राविधिक सहायक | पाँचौं | कृषि | कृषि | | |
| १८ | प.स्वा.प्राविधिक | पाँचौं | कृषि | भेटेरिनरी | | |
| १९ | प.से.प्रा. | पाँचौं | कृषि | ला.पो.डे.डे. | | |
| २० | कम्प्यूटर अपरेटर | पाँचौं | विविध | | | |
| २१ | अ.सब.इन्जिनियर | चौथो | इन्जि. | सिभिल | | |


| क्र. सं. | पद | तह | सेवा | समूह | हालको दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| २२ | खा.पा.स.टे. | चौथो | इन्जि. | सिभिल स्यानिटरी | | |
| २३ | स.म.वि.नि. | चौथो | विविध | | | |
| २४ | सहायक | चौथो | प्रशासन | सा.प्र. | | |
| २५ | अ.हे.व. | चौथो | स्वास्थ्य | हे.ई | | |
| २६ | ल्याब असिष्टेन्ट | चौथो | स्वास्थ्य | मे.ल्या.टे | | |
| २७ | अ.न.मी. | चौथो | स्वास्थ्य | प.हे.न. | | |
| २८ | ऋमिन | चौथो | इन्जि. | सर्भे | | |
| २९ | ना.प्रा.स. | चौथो | कृषि | | | |
| ३० | ना.प.स्वा.प्रा. | चौथो | कृषि | भेटेरिनरी | | |
| ३१ | ना.प.से.प्रा. | चौथो | कृषि | ला.पो.डे.डे. | | |
| ३२ | हेभी सवारी चालक | | | | | |
| ३३ | हलुका सवारी चालक | | | | | |
| ३४ | कार्यालय सहयोगी | | | | | |
| **गाउँपालिका कार्यालय तर्फ जम्मा** | | | | | | |
| **वडा कार्यालय तर्फ** | | | | | | |
| १ | वडा सचिव | पाँचौं | प्रशासन | सा.प्र. | | |
| २ | सब-इन्जिनियर | पाँचौं | इन्जि. | सिभिल | | |
| ३ | प्राविधिक सहायक | चौथो | कृषि | कृषि | | |
| ४ | प्राविधिक सहायक | चौथो | कृषि | भेटेरिनरी | | |
| ५ | कार्यालय सहयोगी | प्रथम | प्रशासन | सा.प्रा. | | |
| **वडा कार्यालय तर्फ जम्मा** | | | | | | |
| **कुल जम्मा** | | | | | | |

*स्रोत: गाउँपालिकाको कार्यालय, २०७६*


*नोटः गाउँपालिकाबाट वडाहरुको विवरणहरु प्राप्त नभएको ।*

## अनुसूची ३

## गाउँ कार्यपालिकाको कार्यालयको प्रस्तावित संगठन संरचना




प्राथमिक स्वास्थ्य केन्द्रको संगठन संरचना





***नोटः*** *प्राथमिक स्वास्थ्य केन्द्रमा रहने दरबन्दी नेपाल सरकारबाट निर्धारण भए बमोजिम हुनेछ ।*

२. स्वास्थ्य चौकीको संगठन संरचना





***नोटः*** *स्वास्थ्य चौकीमा रहने न्यूनतम दरबन्दी नेपाल सरकारबाट निर्धारण भए बमोजिम हुनेछ । स्वास्थ्य संस्थाको कार्यचाँपका आधारमा गाउँपालिकाबाट थप दरबन्दी कायम हुनेछ ।*

सामुदायिक स्वास्थ्य इकाईको संगठन संरचना




# वडा कार्यालयको संगठन संरचना

## वडा नं कुनै ४ वटा



# वडा कार्यालयको संगठन संरचना

## वडा नं कुनै ४ वटा



### अनुसूची - ३

## प्रस्तावित कुल दरबन्दी तेरिज

## क) स्वीकृत स्थायी दरबन्दी तेरिज

| क सं | पद नाम | श्रेणी तह | अप्राविधिक | प्राविधिक |
|---|---|---|---|---|
| कार्यपालिकाको कार्यालयतर्फ | | | | |
| | प्रमुख प्रशासकीय अधिकृत | रा.प.तृतीय | १ | ० |
| | प्रशासन अधिकृत | अधिकृत छैठौं | ३ | ० |
| | अधिकृत सातौं (लेखा) | ौ | १ | ० |
| | शिक्षा अधिकृत | अधिकृत छैठौ | १ | ० |
| | इन्जिनियर | अधिकृत छैठौ | ० | १ |
| | कृषि विकास अधिकृत | अधिकृत छैठौ | ० | १ |
| | पशु चिकिल्सक/पशु विकास अधिकृत | अधिकृत छैठौ | ० | १ |
| | महिला विकास अधिकृत | अधिकृत छैठौ | ० | १ |
| | हे.ई. | अधिकृत छैठौं | ० | १ |
| | कम्प्युनिटी नसिंङ | अधिकृत छैठौं | ० | १ |
| | प्रशासन सहायक | सहायक पाचौं (प्र) | ६ | ० |
| | कानून सहायक | सहायक पाचौं (कानून) | १ | ० |
| | लेखा सहायक | सहायक पाँचौ (लेखा) | १ | ० |
| | प्रा.स. | सहायक पाँचौं (शिक्षा) | ० | १ |
| | प्रा.स. | सहायक पाँचौं (कृषि) | ० | १ |
| | सहायक चौथो | सहायक चौथो | ३ | ० |
| | ना.प्रा.स. | सहायक चौथो (पशु सेवा) | ० | १ |
| | सब इन्जिनियर | सहायक पाँचौं (इन्जि.) | ० | ३ |
| | कम्प्युटर अपरेटर | सहायक पाचौं (विविध) | ० | १ |

| | | | | |
|---|---|---|---|---|
| | सहायक महिला विकास निरीक्षक | सहायक चौथो | १ | ० |
| | अ. सब इन्जिनियर | सहायक चौथो | ० | ४ |
| | खानेपानी सहायक टेक्निसियन | सहायक चौथो | ० | १ |
| | कार्यालय सहयोगी | | ३ | ० |
| | जम्मा | | २० | २१ |
| वडा कार्यालयतर्फ | | | | |
| | वडा सचिव | सहायक पाँचौं | ८ | ० |
| | जम्मा | | | |

## ख) स्वीकृत करार दरबन्दी तेरिज

| क्षेत्र | पदनाम | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| भवन | इन्जिनियर सिभिल/आर्किटेक्ट/स्ट्रक्चरल | अधिकृत छैठौं | १ | |
| | .अमिन | सहायक चौथो | १ | |
| सार्वजनिक निर्माण | सब इन्जिनियर | सहायक पाँचौं | १ | |
| सूचना प्रविधि | सूचना प्रविधि अधिकृत | अधिकृत छैठौं | १ | |
| वडा कार्यालय | सहायक कम्प्युटर अपरेटर | सहायक चौथो | ८ | |
| नगर प्रहरी | प्र.हवल्दार | सहायक तृतीय | १ | |
| | प्रहरी जवान | सहायक प्रथम | ४ | |
| स्वास्थ्यतर्फ | ल्याव असिस्टेन्ट | सहायक चौथो | ४ | र |
| | अहेव | सहायक चौथो | ५ | |
| | अ.न.मी. | सहायक चौथो | १० | |
| | कार्यालय सहयोगी | सहायक प्रथम | १२ | |
| कृषि सेवा | ना.प्रा.स. | सहायक चौथो | ४ | ४ वटा वडाका |
| पशु सेवा | ना.प्रा.स. | सहायक चौथो | ४ | ४ वटा वडाका लागि |
| कार्यालय सहयोगी | कार्यालय सहयोगी | सहायक प्रथम | १७ | गाउँपालिकामा ९, वडा कार्यालयमा ८, |
| व्याक हो लोडर | भारी सवारी चालक | सहायक पाँचौं | १ | |
| भारी सवारी चालक सहयोगी | सहायक प्रथम | सहायक प्रथम | १ | |
| हलुका सवारी चालक | सहायक प्रथम | सहायक प्रथम | १ | |
| चौकीदार | सहायक प्रथम | सहायक प्रथम | २ | |
| फोहरमैला व्यवस्थापन तर्फ कुचीकार | सहायक प्रथम | सहायक प्रथम | २ | |
| जम्मा | | | | |

नोटः -

१। उल्लेखित दरबन्दिमा स्वास्थ्य तर्फका स्थायी कर्मचारीको स्तर वृद्धि भएमा माथिल्लो पद स्वतः सिर्जना हुने र साविकको पद स्वतः खारेज हुनेछ। यसरी स्तरवृद्धि भएको कर्मचारी सेवा निवृत्त भएमा त्यस्तो कर्मचारी जुन पदबाट अवकाश भएको हो, उक्त पदभन्दा एक तह मुनिको पदमा नयाँ नियुक्ति गरिनेछ।

२। वडा कार्यालयतर्फ हाल सहायक चौथो तहमा कार्यरत वडा सचिवहरु अवकाश भएमा नयाँ नियुक्ति गर्दा सहायक स्तर पाँचौ तहमा पदपूर्ति गरिने र बढुवा भई पाँचौ तह भएमा निजको साविकको चौथो तहको दरबन्दी स्वतः खारेज भएको मानिने छ।

## १। प्रशासन शाखा

- संविधानको धारा ३०२ बमोजिम समायोजन भई आउने तथा नयाँ नियुक्ति भएका कर्मचारीको व्यवस्थापन,
- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना कार्यान्वयन र नियमन,
- संगठन विकास, संगठन संरचना तथा दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन, क्षमता विकास र वृत्ति विकास,
- वडा कार्यालयहरुसँग सम्पर्क, समन्वय र सहजिकरण,
- गाउँ कार्यपालिका तथा सभामा पेश गर्नुपर्ने विभिन्न नीति, ऐन, नियम तथा कानूनको मस्यौदा तयारीमा शाखागत समन्वय र  संयोजन,
- सार्वजनिक खरिद, तथा गाउँको स्वामित्वमा रहेको सम्पत्तिको अद्यावधिक अभिलेख व्यवस्थापन,
- संघ तथा प्रदेश तहमा संविधान र कानून बमोजिम सहभागिता तथा प्रतिनिधिनित्व
- सबै शाखासँग समन्वय गरि बार्षिक खरिद योजना तयारी,
- गाउँ प्रहरीको सञ्चालन तथा व्यवस्थापन नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
- गाउँसभा तथा गाउँकार्यपालिकाको बैठक व्यवस्थापन र अन्य सभा समारोह सम्बन्धि कार्य,
- कर्मचारीहरुको कार्य सम्पादन मुल्यांकन व्यवस्थापन,
- आफु मातहतका शाखाहरुको कामको समन्वय, परिचालन, अनुगमन र नियन्त्रण,
- गाउँ तथा वडाको लागि नागरिक वडा पत्र तयारी तथा हरेक वर्ष अध्यावधिक,
- बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा तथा उपभोक्ता हित संरक्षण सम्बन्धी,
- पुरस्कार, उपाधी तथा विभुषण सम्बन्धी सिफारिसको अभिलेख राख्ने,
- अन्य शाखा तथा शाखामा नपरेका सबै कामहरु,

### १क० समान्य प्रशासन तथा जनशक्ति विकास उपशाखा

- जनशक्ति विकासका लागि अल्पकालीन र दीर्घकालीन योजना तर्जुमा,
- कर्मचारीहरुको अध्यावधिक विवरण तयारी गर्ने,

- क्षमता विकास सम्बन्धी कार्यक्रमहरुको प्रस्ताव तयारी,
- कार्यपालिका, गाउँ सभाको बैठक तथा अन्य सभा समारोह व्यवस्थापन,
- कार्यपालिका तथा गाउँ सभाका निणर्यहरु अभिलेखीकरण, प्रकाशन तथा कार्यान्वयनका लागि सम्प्रेषण,
- कार्य सम्पादन मूल्यांकनको अभिलेख व्यवस्थापन,
- कर्मचारीको व्यवस्थापन, सरुवा, वृद्धि विकास, दण्ड, पुरस्कारको लागि सिफारिस,
- कर्मचारीका दैनिक हाजिरी नियन्त्रण,
- गाउँपालिकाबाट भएको सिफारिससँग सम्बन्धित सिफारिस पत्रको अभिलेख राख्ने,
- कार्यालयको दर्ता चलानी नियन्त्रण, व्यवस्थापन,
- प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतको सचिवालय व्यवस्थापन सम्बन्धी कार्य गर्ने

**अ० दर्ता चलानी तथा नागरिक सहयोग इकाईः**

- कार्यालयमा प्राप्त हुन आएका चिठी पत्रहरु ऋाफ्नो कार्यालयको भए नभएको एकीन गरी बुझ्ने र पेश गर्ने
- कार्यालयमा प्राप्त पत्रहरुको दर्ता अभिलेख राख्ने
- कार्यालयबाट अन्यत्र जाने पत्रहरुको अभिलेख राख्ने
- प्राप्त पत्रहरु दर्ता गरेर सम्बन्धित शाखा तथा पदाधिकारी समक्ष पुर्याउन लगाउने,
- दर्ता किताव, चलानी किताव सुरक्षित तवरले राख्ने,
- कार्यालयमा आउने सेवाग्राहीहरुलाई उनीहरुको काममा आवश्यक सहयोग गर्ने ।

**आ० नगर प्रहरी इकाईः**

- नगर प्रहरी परिचालन,
- नगरँ प्रहरी परिचालन सम्ब्न्धी नीति, कानून, मापदण्ड, निणर्यहरु कार्यान्वयनमा सहयोग,
- सार्वजनिक सम्पत्तिको संरक्षण,
- गाउँपालिकामा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको व्यवस्थापनमा सहयोग,
- हाट बजार व्यवस्थापन तथा पार्किङ्ग स्थलको व्यवस्थापनमा सहयोग,

- नगर प्रहरी सम्बन्धी कार्यपालिकाले तोके बमोजिमका नीति, योजना र कार्यक्रम कार्यान्वयन,
- गाउँ बस्ती सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन र कसूर उपर छानविन र अनुसन्धान,
- स्थानीय न्यायिक समितिले गरेका आदेश, फैसला कार्यान्वयनमा सहयोग,
- कार्यालय परिसर, सम्पदा, सार्वजनिक, ऐलानी, पर्ति जग्गा, सार्वजनिक भवन तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,
- विपद् व्यवस्थापनमा सहयोग,
- अपराध रोकथाम तथा अनुसन्धानमा सहयोग,
- फूटपाथ व्यवस्थापन,
- इरिक्सा, रिक्सा, टेम्पु जस्ता साना सवारी साधनको अनुमति, व्यवस्थापन र नियमन,
- निर्माण नियमन,
- गुणस्तर नियन्त्रणमा सहयोग,
- नगर प्रहरी सम्बन्धी अन्य कार्य ।

**ख० सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन उपशाखा**

- गाउँपालिकाको लागि सार्वजनिक खरिद तथा अन्य बन्दोबस्तीका सामानको आवश्यकता पहिचान गरी खरिदको योजना तयार गर्ने,
- विभिन्न प्रकारका वस्तु तथा सेवा आपूर्ति गर्न इच्छुक व्यक्ति, संस्था, कम्पनी लगायतको सूचि अध्यावधिक गराउने,
- हरेक आर्थिक वर्षको सुरुमै अनुमान गरिएका आवश्यक सामानहरुको दररेट माग गरी स्वीकृत गराई राख्ने,
- गाउँपालिकाभित्रको सरकारी सम्पत्ति, आफ्नो स्वामित्वमा रहेको भवन लगायत स्थिर सम्पत्तिको अभिलेख अद्यावधिक गर्ने,
- लिलाम गर्नुपर्ने तथा मर्मत गर्नुपर्ने सामानको प्रत्येक वर्षको पहिलो चौमासिकमा विवरण तयार गरी लिलाम गर्नुपर्ने लिलाम गर्ने प्रक्रिया अघि बढाउने, मर्मत गर्नुपर्ने सामानको लागत अनुमान तयार गरी मर्मतको लागि पेश गर्ने,

- कार्यालयको नाममा रहेका सम्पूणर् सवारी साधनको अध्यावधिक विवरण तयार गरी मर्मत गर्नुपर्ने, लिलाम गर्नुपर्ने देखिएका सवारी साधनको सोही बमोजिम प्रक्रिया अगाडि बढाउने,
- खरिद गर्नुपर्ने देखिएका सामानहरु समयमा नै खरिद गरी कार्य सञ्चालनमा अभाव नहुने व्यवस्था मिलाउने,
- प्रचलित कानून बमोजिम प्रत्येक वर्ष जिन्सी निरीक्षण गराउने,
- कार्यालयका लागि आवश्यक जिन्सी सामानकोव्यवस्थापन, भण्डार दाखिला, निकासी ।

**ग० पंजीकरण तथा सामाजिक सुरक्षा उपशाखा**

- स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन तथा आवश्यक तथ्यांक संकलन एवम् व्यवस्थापन सम्बन्धी कार्य,
- आधुनिक प्रविधिमार्फत व्यक्तिगत घटना दर्ता ९जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्वन्ध विच्छेद र धर्मपुत्र धर्मपुत्री० को व्यवस्थापन गर्ने,
- सबै वडाबाट हुने व्यक्तिगत घटना सम्बन्धी अभिलेखको व्यवस्थापन तथा मासिक प्रतिवेदन तयार गर्ने,
- सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन, सञ्चालन, अभिलेख व्यवस्थापन र प्रतिवेदन,
- सामाजिक सुरक्षा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डनिर्धारण
- सहयोगापेक्षी सडक मानव व्यवस्थपान ।

**घ पर्यटन प्रबद्र्धन, वातावरण तथा विपत् व्यवस्थापन उपशाखा**

- भाषा, संस्कृति, साहित्य, सम्पदा र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- पुरातात्विक महत्वका प्राचीन स्मारक तथा संग्रहालयको संरक्षण, सम्भार, प्रबद्र्घन र विकास,
- परम्परागत रुपमा चलिआएका जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन,
- पर्यटकीय महत्वका स्थल तथा सम्पदाको पहिचान, संरक्षण र प्रर्वधन,
- पर्यटन पूर्वाधार विकास तथा प्रोत्साहन,
- पार्कहरुको विकास, संरक्षण र प्रर्वधन,

- स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवद्र्घन र अभिलेखाङ्कन,
- नदी किनार, नदी उकास, दहत्तर, वहत्तर, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन,
- जलवायू परिवर्तन अनुकुलन कार्यक्रमहरु,
- हरियाली तथा हरित क्षेत्रको प्रर्वद्धन,
- वातावरणीय जोखिम न्यूनीकरण,
- वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन,
- विपद् व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा स्थानीय स्तरका आयोजनाको कार्यान्वयन र नियमन,
- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्य योजना,
- विपद् पूर्व तयारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय,
- विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण,
- विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था, निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्य,
- विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,
- प्राकृतिक प्रकोपको रोकथाम र पूर्व तयारी,
- विपद् जोखिम न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयन,
- विकास योजनाहरुको वातावरणीय प्रभाव मूल्यांकन,
- ल्याण्डफिल साईट व्यवस्थापन,
- सरसफाई तथा फोहर व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन,
- फोहरलाई स्रोतमै वर्गिकरण गरी व्यवस्थापन गर्ने उपायहरुको अवलम्बलन,
- फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन,
- स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापनको मापदण्ड निर्धारण, व्यवस्थापनतथा नियमन,
- सार्वजनिक शौचालय व्यवस्थापन,

**२ बजेट, कार्यक्रम तथा योजना शाखा**

- बजेट सीमा निर्धारण र बजेट तर्जूमा सम्बन्धी कार्य गर्ने

- सहभागितामुलक बार्षिक विकास योजना तथा कार्याक्रमको तर्जुमा सम्बन्धी कार्य गर्ने
- गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रमको तर्जुमा सम्बन्धी कार्य गर्ने
- गाउँपालिकाको वार्षिक, आवधिक, रणनीतिक, मध्यकालिन तथा दीर्घकालीन योजना तथा विभिन्न विकास गुुरु योजना, मापदण्ड, नीतिको तर्जुमा सम्बन्धी काम गर्ने।
- वडा समितिमार्फत सञ्चालन हुने कार्यक्रमहरुको लागि आवश्यक सहजिकरण गर्ने
- उपभोक्ता समितिका लागि प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने,
- निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुको परिचालन, समन्वय र सहजीकरण गर्ने
- योजना कार्यक्रम हस्तान्तरण गर्ने,
- सम्पन्न भएका सम्पूणर् पूर्वाधार सम्बन्धी योजनाहरुको अभिलेख राख्ने,
- संघ तथा प्रदेशको जिम्मामा परेका बाहेक सबै स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, पुल, झोलुङ्गे पुल, कल्भर्ट र तटबन्धन सम्बन्धी योजनाको अभिलेख राख्ने,
- कार्य सम्पन्न पश्चात सिफारिश भई आएका योजना तथा कार्यक्रमको भुक्तानीको लागि पेश गर्ने,
- विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड, योजना र नियमन,
- स्थानीय विकास नीति, अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन विकास योजना एवं गुुरुयोजना तर्जूमा, अनुगमन तथा मूल्यांकन,
- आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, अनुगमन तथा मूल्याङ्कन,
- वार्षिक विकास योजना तथा योजना तथा कार्यक्रम तर्जुमा, अवस्थाको अनुगमन, मूल्यांकन र पृष्ठ पोषण,
- विकासका प्राथमिकता प्राप्त क्षेत्र निर्धारण,
- संघीय र प्रादेशिक आयोजना, परियोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग,
- विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य,
- विकास आयोजनाको अनुगमन, आवधिक प्रगति तथा प्रतिफलको समीक्षा,
- विकास योजनाको अनुगमन तथा मूल्यांकनको आधार तथा प्रक्रिया निर्धारण,
- आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन,
- विषयक्षेत्रगत नीतिको अनुगमन तथा मूल्यांकन र पृष्ठ पोषण ।

**३ उद्योग, सहकारी तथा राजस्व प्रशासन शाखा**

- लघु, घरेलु तथा साना उद्योगको विकास र प्रर्वधन,
- व्यापारिक फर्म, पसलको दर्ता, अनुमति, नवीकरण, खारेजी,
- सीप विकास सम्बन्धी कार्यको प्रबद्र्धन,
- प्रचलित कानून बमोजिम लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी,
- पहिचान भएका गरिब घरपरिवार एवं लक्षित समूह सम्बन्धी आर्थिक विकासका योजना तर्जुमा र कार्यान्वयन गर्ने,
- सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन,
- स्थानीय सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटनको लागि सिफारिस गर्ने,
- सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण गर्ने,
- सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय संघ संस्थासँग समन्वय र सहकार्य,
- सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,
- स्थानीय सहकारीको क्षमता अभिवृद्धि,
- स्थानीयसहकारी क्षेत्रको प्रवद्र्घन, विकास र परिचालन,
- रोजगार तथा बेरोजगारको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना,
- स्थानीयस्तरमा रहेका विदेशी श्रमिकको लगत सङ्कलन तथा सूचना व्यवस्थापन,
- रोजगारीका अवसरहरुको सिर्जना,
- असँगठित क्षेत्रका श्रमिकहरुको पञ्जिकरण,
- रोजगार डेक्स सञ्चालन व्यवस्थापन,
- गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन  र अध्ययन अनुसन्धान,
- स्थानीयस्तरमा सुकुम्वासी सम्बन्धी जीविकोपार्जन र वसोवास व्यवस्था
- गरिबी निवारणको स्थानीय रणनीति तर्जूमा,
- राजश्वको दायरा विस्तार गर्ने क्षेत्रहरुको पहिचान, तथ्यांक संकलन तथा विश्लेषण गर्ने,
- सम्पूणर् करदाताको अभिलेख व्यवस्थापन गर्ने,

- आफ्नो क्षेत्रभित्र राजस्वका दर तथा शुल्क निर्धारण, संघीय र प्रदेश कानून बमोजिम प्राकृतिक श्रोत साधन र सेवा शुल्क जस्ता रोयल्टी सङ्कलन,
- स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क तथा दस्तुर असुली,
- मालपोत संकलनरसम्पत्ति कर संकलन,
- हाट बजार व्यवस्थापन,
- प्रचलित कानून बमोजिम दण्ड जरिवाना,
- राजश्व परामर्श समितिलाई आवश्यक सूचना उपलब्ध गराउने र सचिवालय सम्बन्धी कार्य गर्ने,
- राजश्व संकलनलाई प्रभावकारी बनाउन प्रवद्र्धनात्मक, उपायहरुको अवलम्बन गर्ने,
- सम्बन्धित शाखा तथा निकायसँग राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान,
- बाँकी बक्यौता रकमको लगत र असुल उपर,
- करदाता शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,
- प्राकृतिक स्रोतबाट प्राप्त हुन सक्ने सम्भावित रोयल्टी, शुल्क आदीको विश्लेषण तथा पूर्व अनुमान गरी अभिलेख व्यवस्थापन गर्ने,
- कानून बमोजिम ढुंगा, गिट्टी, वालुवा, माटो, नुन, स्लेट, फायरक्लेजस्ता खानी खनिज पदार्थको सर्वेक्षण, अन्वेषण, उत्खनन व्यवस्थापन र सो सम्बन्धी शुल्क सङ्कलन,
- प्राकृतिक स्रोतको उपयोग सम्बन्धी नीति निर्धारण र कार्यान्वयन तथा प्रदेश र संघीय मापदण्ड पालना,
- बाँकी बक्यौता रकमको लगत र असुल उपर,
- आर्थिक साधनको महत्तम उपयोग तथा परिचालन,
- गाउँ कार्यपालिका, वडा कार्यालय वा गाउँपालिकाद्वारा व्यवसायिक प्रयोजनमा लगाएका स्थान, भवनहरुको वहाल, लिज बमोजिमको राजश्व असुलीएवं दायित्व भुक्तानीको सिफारिस,
- गाउँपालिकाको भोग चलनमा रहेका तथा अन्य सार्वजनिक, ऐलानी, पर्ति जग्गाहरुको अद्यावधिक अभिलेख राख्ने,
- ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, फायर क्ले तथा स्लेट आदि खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन् र उपयोग सम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन,
- खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन, अभिलेखन तथा व्यबस्थापन,

## ४ आर्थिक प्रशासन शाखाः

- आर्थिक ९कार्यविधि० नीति, कानून र मापदण्डको कार्यान्वयन र आर्थिक प्रशासन सञ्चालन,
- सञ्चित कोष तथा आकस्मिक कोषको व्यवस्थापन,
- लेखा व्यवस्थापन, खर्च, राजश्व, धरौटी, कार्य सञ्चालन कोष तथा अन्य सरकारी कोषको सञ्चालन तथा एकीकृत विवरण तयारी,
- समष्टिगत आर्थिक अवस्थाको विश्लेषण,
- लगानी प्रक्षेपण ९सरकारी, सहकारी तथा निजी० र वित्तीय व्यवस्थापन,
- लगानी र लाभांशको व्यवस्थापन ९जनसहभागिता तथा सामुदायिक लगानीको अभिलेख समेत०,
- कारोबारको लेखांकन, नियन्त्रण तथा व्यवस्थापन,
- व्ययको अनुमान,
- बेरुजू फछ्र्यौट,
- आर्थिक प्रशासन र व्यवस्थापन सम्बन्धी अन्य विषय,
- लेखा परीक्षण गराउने कार्य,
- ऋण, अनुदान तथा जमानतको अभिलेख व्यवस्थापन,
- धरौटी स्याहा तथा फिर्ता,
- संघ, प्रदेश सरकारबाट प्राप्त सर्शत बजेटको खर्च व्यवस्थापन,
- संघ, प्रदेश सरकारबाट प्राप्त रकमको व्यवस्थापन,
- विभिन्न कोषहरुको सञ्चालन तथा व्यवस्थापन,
- आर्थिक कारोबारको लेखा परीक्षण गराउने,
- वडा कार्यालयबाट हुने गरी तोकिएको आर्थिक कारोबारको आर्थिक प्रशासन, व्यवस्थापन र लेखा परीक्षण,
- शाखासँग सम्बन्धित अन्य कार्यहरु ।

## ५ पूर्वाधार विकास शाखा

- स्थानीय सडक तथा यातायात सम्बन्धी मापदण्डको कार्यान्वयन तथा नियमन
- स्वीकृत बार्षिक पूर्वाधार सम्बन्धी योजनाहरुको कार्यान्वयन, अनुगमन तथा नियमन,

- पुर्वाधार विकास सम्बन्धित विकास योजनाको मर्मत, सम्भार,
- निर्माण व्यवसाय दर्ता, नवीकरण, खारेजी, अनुगमन र नियमन,
- सिंचाई सम्बन्धी गुरुयोजनाको कार्यान्वयन,,
- नवीकरणीय उर्जा तथा वैकल्पिक उर्जा, सडक बत्ती तथा खानेपानी योजनाको मापदण्डको कार्यान्वयन र नियमन
- खानेपानी आयोजनाको सञ्चालन, व्यवस्थापन र नियमन तथा सडक बत्तीको व्यवस्थापन,
- सार्वजनिक निर्माणको गुणस्तर कायम,
- स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण सम्बन्धी कार्य गर्ने,
- पार्किङ्ग स्थलको निर्माण तथा सञ्चालन गर्ने,
- निर्माण व्यवसाय दर्ता, नवीकरण, खारेज गर्ने
- स्थानीय यातायात सुरक्षा व्यवस्थापन कायम गराउने,
- यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँचको व्यवस्था गर्ने
- यातायात क्षेत्रमा वातावरणमैत्री प्रविधिलाई प्रोत्साहन गर्ने
- निजी यातायात नियमन व्यवस्थापन गर्ने ।

क० सार्वजनिक निर्माण तथा वैकल्पिक ऊर्जा शाखा

- स्वीकृत बार्षिक पूर्वाधार सम्बन्धी योजनाहरुको कार्यान्वयन, अनुगमन तथा नियमन,
- पुर्वाधार विकास सम्बन्धित विकास योजनाको मर्मत, सम्भार,
- नवीकरणीय उर्जा तथा वैकल्पिक उर्जा, सडक बत्ती तथा खानेपानी योजनाको मापदण्डको कार्यान्वयन र नियमन
- इस्टिमेट, डोइङ्ग, डिजाइन तयारी,
- स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण सम्बन्धी कार्य गर्ने,
- पार्किङ्ग स्थलको निर्माण तथा सञ्चालन गर्ने,
- निर्माण व्यवसाय दर्ता, नवीकरण, खारेज गर्ने

- स्थानीय यातायात सुरक्षा व्यवस्थापन कायम गराउने,
- सार्वजनिक निर्माणको गुणस्तर कायम गर्ने,
- अन्य सार्वजनिक निर्माण सम्बन्धी कार्यहरु,
- यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने,
- यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँचको व्यवस्था गर्ने
- यातायात क्षेत्रमा वाताबरणमैत्री प्रविधिलाई प्रोत्साहन गर्ने
- निजी यातायात नियमन व्यवस्थापन गर्ने

**ख० खानेपानी व्यवस्थापन उपशाखा**

- स्वीकृत बार्षिक योजना अनुसार खानेपानी सम्बन्धी योजनाहरुको कार्यान्वयन गर्ने,
- गाउँको जिम्मा रहेका खानेपानी आयोजनाको महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन,
- पानीको मुहानको संरक्षण
- सार्वजनिक स्थलमा पिउने पानी व्यवस्थापन
- स्वच्छ खानेपानी आपूर्ति सम्बन्धी अन्य विषय
- खानेपानी तथा सिंचाई सम्वन्धी खरिद योजना ।

**६ नक्सापास तथा भवन नियमन शाखा**

- शहरीकरण, बस्ती विकास सम्बन्धी मापदण्डको निर्धारण तथा सो सम्बन्धी योजना, कार्यान्वयन र नियमन,
- राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम सुरक्षितसार्वजनिक, सरकारी भवन निर्माणको अनुमतिको लागि सिफारिस, अनुगमन, नियमन,
- भू(उपयोग नीति, योजनाको कार्यान्वयन,
- राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम सुरक्षित सार्वजनिक, सरकारी भवन निर्माणको अनुमतिको लागि सिफारिस, अनुगमन, नियमन,
- भवन निर्माणको लागि नक्शा स्वीकृति तथा संशोधनको लागि सिफारिस,
- स्वीकृत नक्साको अध्यावधिक अभिलेख,

- नक्सा स्वीकृत प्रक्रियालाई व्यवस्थित र सरलीकृत गर्न अवम्लवन गर्नु पर्ने विभिन्न उपायहरुको विकल्प सहित विश्लेषण गरी सिफारिस,
- नगरपालिकाको भोग चलनमा रहेका तथा अन्य सार्वजनिक, ऐलानी, पर्ति जग्गाहरुको अद्यावधिक अभिलेख राख्ने, संरक्षणका योजना बनाउने र संरक्षण सम्बन्धी आवश्यक कार्य गर्ने,
- भवन मापदण्ड सुधार गर्न आवश्यक अध्ययन अनुसन्धान,
- वडा कार्यालयहरुको लागि उपयुक्त हुने नमुना नक्सा तयार,
- कार्यालयको तर्फबाट नक्सा तयार गर्ने गरी भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि समयमै घर नक्सा निर्माण,
- शाखासंग सम्बन्धित अन्य कार्यहरु ।

## ७ शिक्षा, युवा तथा खेलकुद विकास शाखा

- प्रारम्भिक बाल शिक्षा, आधारभूत तह, माध्यमिक तह, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा ९गुरुकुल, मदरसा, गुम्बा आदि०, निरन्तर सिकाइ तथा विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन,
- विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
- परीक्षा सञ्चालन तथा व्यवस्थापन,
- विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
- स्थानीय स्तरको पाठ््यक्रम निर्माण र कार्यान्वयन,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमन,
- स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवद्र्धन र स्तरीकरण,
- खेलकूदको विकास र प्रवद्र्घन,
- विद्यालय शिक्षक तथा कर्मचारीको अभिलेख व्यवस्थापन,
- विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजनको लागि सिफारिस,
- शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भारको आवश्यकता पहिचान गरी सिफारिस,
- विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन,
- प्रोत्साहन तथा छात्रवृत्ति पाउने विद्यार्थीको अभिलेख व्यवस्थापन,

- बाल गृह, पुनःस्थापना केन्द्र, शिशु स्याहार केन्द्र र बाल विकास केन्द्र व्यवस्थापन,
- आधारभूत तहसम्मको शैक्षिक कार्यक्रमहरुको समन्वय र नियमन,
- सामुदायिक, संस्थागत, गुठी, सहकारी विद्यालयहरुको अनुगमन नियमन,
- विद्यालय बाहेकका स्थानीय स्तरमा सञ्चालित शैक्षिक संघ संस्थाहरुसँगको समन्वय, सहजिकरण, अनुगमन, नियमन,
- पाठ्यक्रम र पाठ्य सामग्रीको वितरण तथा कार्यान्वयन,
- विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
- शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार,
- शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन,
- स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रर्वधन र स्तरीकरण,
- विद्यालयमा रहेका पुस्तकालयहरुको अभिलेख व्यवस्थापन,
- स्थानीय पुस्तकालय, वाचनालय तथा सामुदायिक अध्ययन केन्द्र सञ्चालन तथा व्यवस्थापन,
- युवा जागरण, सशक्तिकरण र परिचालन,
- युवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास,
- खेलकूदको लागि संरचना पूर्वाधार निर्माण, सञ्चालन तथा विकास,
- खेलकूदको विकास र प्रवद्र्घन,
- खेलकूद प्रतियोगिता आयोजना र सहभागिता,
- अतिरिक्त क्रियाकलाप सम्बन्धी विषय,
- शाखासँग सम्बन्धित अन्य कार्यहरु ।

**८ स्वास्थ्य शाखा**

- आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन तथा नियमन,
- राष्ट्रिय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण,

- राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन,
- आधारभूत स्वास्थ्य सेवाको सञ्चालन र प्रबद्र्घन,
- अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,
- स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,
- औषधि पसल सञ्चालनका दर्ता तथा अनुमतिका लागि सिफारिस,
- औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण,
- स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन,
- स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन,
- जनस्वास्थ्य गिाउँनी ९पब्लिक हेल्थ सर्भेलेन्स०,
- प्रवद्र्घनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनस्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन,
- जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन,
- सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि,
- आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन,
- स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रर्वधन,
- जनस्वास्थ्य, आपतकालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन,
- सरुवा तथा नसर्ने रोगको नियन्त्रण तथा रोकथाम,
- योग, ध्यान केन्द्रको सञ्चालन,
- योग, ध्यान, प्राकृतिक चिकित्सा प्रर्वधन,
- स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,
- औषधि पसल सञ्चालन र नियमन,
- स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन,

- प्रवद्र्घनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनस्र्थापनात्मक,प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन र व्यवस्थापन,
- जनस्वास्थ्य, आपतकालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन,

**९ लैगिक समानता तथा सामाजिक समावेशीकरण शाखा**

- महिला हक सम्बन्धी नीति, योजना कार्यान्वयन, समन्वय र नियमन,
- लैगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवद्र्धनात्मक, संरक्षणात्मक उपाय र पुनःस्थापना,
- बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- बालमैत्री शासकीय प्रवन्ध, बाल क्लब, बाल संरक्षण समिति तथा बाल सञ्जाल,
- असहाय बालबालिका, सडक बालबालिका व्यवस्थापन, बाल हिंसा नियन्त्रण,
- बालसुधार तथा पुनःस्थापना केन्द्र स्थापना, संचालन अनुमति र नियमन,
- ज्येष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा सम्बन्धी कार्य,
- ज्येष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाटस्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन,
- अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण,
- अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन सम्वन्धी अन्य कार्य,
- कमजोर वर्ग, समुदाय, लिगं, क्षेत्र तथा अल्पसंख्यक भाषा, धर्म, सस्कृतिको सम्बन्धि नीति, कानुन, मापदण्ड सम्बन्धि कार्य,
- आदिवासी, जनजाति, मुिस्लम, अल्पसंख्यकहरुको हित प्रर्वधन सम्बन्धी नीति, कानून, कार्यान्वयन, अनुगमन र नियमन,
- स्थानीय स्तरमा समाजकल्याण सम्वन्धी संघसंस्था ९गैरसरकारी, सामाजिक तथा सामुदायिक संघसंस्था० को दर्ता, नवीकरण, खारेजी, परिचालन तथा अनुगमन नियमन,
- गुठी, कोष तथा अन्य ट्रष्टहरुको व्यवस्थापन,
- सामाजिक परिचालन सम्बन्धी कार्य गर्ने,
- टोल विकास संस्था परिचालन गर्ने,

**क० कानून, न्याय तथा फैसला कार्यान्वयन उपशाखा**

- न्याय, कानून, मानव अधिकार प्रर्वधन तथा मेलमिलाप र मध्यस्थता, निणर्य तथा फैसला कार्यान्वयन
- न्यायिक समितिको सचिवालय सम्बन्धी कार्य,
- मानव अधिकारको संरक्षण तथा प्रर्वधन सम्बन्धी कार्य,
- व्यक्ति र समुदायबीच मेलमिलाप र मध्यस्थताको अभिलेख व्यवस्थापन,
- न्यायिक समितिको निणर्य तथा फैसला कार्यान्वयन,
- न्यायिक प्रतिरक्षा एवं पूर्वपक्षसँग सम्बन्धित कार्यको व्यवस्थापन र सहजिकरण,
- नीति, कानूनको प्रमाणिक प्रतिको संरक्षण, प्रकाशन र अभिलेख,
- कार्यालयको कामको सन्दर्भमा कानूनी राय तथा परामर्श सम्बन्धी कार्यहरु,

ख० लैगिक समानता तथा बाल अधिकार प्रवद्र्धन उपशाखा

- महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तीकरण, क्षमता विकाससँग सम्बन्धित कार्यक्रम स ञ्चालन गर्ने,
- लैगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रर्वधनात्मक, संरक्षणात्मक उपाय र पुनःस्थापना सम्बन्धी कार्य गर्ने,
- बजेटको लैंगिक हिसाबले विश्लेषण गर्ने र लैगिंक उत्तरदायी बजेट निर्माण गर्न सहजिकरण गर्ने,
- स्थानीय स्तरमा समावेशिता र मूल प्रवाहीकरण सम्बन्धी अन्य कार्यहरु गर्ने,
- बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना,निर्माण र कार्यान्वयन,
- बालबालिकाको हकहित संरक्षणसँग सम्बन्धित कार्यहरु गर्ने,
- बाल सञ्जाललाई सबलिकरण गर्ने,
- बाल न्याय प्रवद्र्धन गर्ने,
- असहाय बालबालिका, सडक बालबालिका व्यवस्थापन गर्न विभिन्न संघ संस्थाहरुसँग समन्वय तथा सहकार्य गर्ने,

- बाल हिंसा नियन्त्रणका लागि विभिन्न उपायहरु अवलम्वन गर्ने,
- बालसुधार तथा पुनःस्थापना केन्द्र स्थापना, संचालन अनुमति,
- स्थानीय स्तरमा समाजकल्याण सम्वन्धी संघसंस्था ९गैरसरकारी, सामाजिक तथा सामुदायिक संघसंस्था० को दर्ता, नवीकरण, खारेजी, परिचालन तथा अनुगमन नियमन,
- गुठी, कोष तथा अन्य ट्रष्टहरुको व्यवस्थापन,
- गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्यको लागि कार्यविधि तथा मापदण्ड तयार गर्ने,
- सामाजिक परिचालन सम्बन्धी कार्य गर्ने,
- टोल विकास संस्था परिचालन गर्ने,

## १० सूचना तथा प्रविधि शाखा

- सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच तथा सूचना प्रविधिको विकास र विस्तार सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन,
- आफ्नो क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण,
- एक सय वाटसम्मको एफ। एम। रेडियो सञ्चालन अनुमति, नवीकरण,
- आफ्नो क्षेत्रभित्र पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख व्यवस्थापन,
- अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको प्रयोग,
- वैज्ञानिक अध्ययन, अनुसन्धान र प्रविधि विकासमा लगानी प्रवद्र्धन,
- सूचना तथा सञ्चार प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन,
- सूचना केन्द्रको स्थापना र सञ्चालन व्यवस्थापन,
- तथ्याङक संकलन, व्यवस्थापन तथा प्रयोग सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन,
- सूचना तथा अभिलेख केन्द्रको सञ्चालन,
- स्थानीय तथ्याङक संकलन, प्रशोधन, अभिलेखीकरण तथा वितरण,
- आधारभूत तथ्यांक संकलन र व्यवस्थापन ः जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव

विकास सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी सूचना प्रणालीमा आवद्धता र पाश्र्व चित्र तथा श्रोत नक्साको अद्यावधिक एवं अभिलेख,

- कार्यालयसँग सम्बन्धित सबै किसिमका तथ्यांकहरुको एकीकरण तथा वितरण,
- प्रदेश तथा संघसँग तथ्यांक एवं सूचना आदानप्रदान र समन्वय,
- सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको अभिलेख ९प्रोफाईल० व्यवस्थापन ।

## ११ कृषि विकास शाखा

- कृषि, कृषि प्रसार, कृषि उत्पादन व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तयारी तथा कार्यान्वयन,
- कृषि बजार सूचना, कृषि बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन,
- कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,
- कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवद्र्घन,
- कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन,
- उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवद्र्घन, विकास तथा बजारीकरण,
- कृषि सम्वन्धी वीमा र कर्जा सहजीकरण,
- शीत भण्डारणको व्यवस्थापन,
- कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण,
- कृषि बीउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन,
- कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन,
- कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण,
- कृषि तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली तथा कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार,
- कृषि स्रोत केन्द्रको स्थापना र व्यवस्थापन,
- कृषि थोक बजार केन्द्रको सञ्चालन व्यवस्थापन,
- कृषि थोक बजार केन्द्र निर्माणको सहजिकरण ।

## १२ पशुपंक्षी विकास शाखा

- पशुपालन, पशु स्वास्थ्य, मत्स्य विकास सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन,
- पशुपंक्षी बजार सूचना, हाटबजारको पूर्वाधार निर्माण, तालिम, प्राविधिक टेवा, कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन र नियमन,
- पशुपंक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,
- पशुपंक्षी चिकित्सा सेवाको व्यवस्थापन,
- पशुनश्ल सुधार पद्धति विकास र व्यबस्थापन,
- पशुपंक्षी सम्बन्धी बीमा र कर्जा सहजीकरण,
- स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन,
- पशु आहारको गुणस्तर नियमन,
- स्थानीयस्तरमा पशुपंक्षी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली,
- पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन,
- पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य,
- छाडा चौपाया नियन्त्रण,
- कान्जी हाउस सञ्चालन, व्यवस्थापन ।

## १३ आन्तरिक लेखा परीक्षण शाखा

- आन्तरिक तथा पूर्व लेखापरीक्षण,
- लेखापरीक्षण विवरण ९बेरुजूको लगत समेत०को अभिलेख व्यवस्थापन ,
- अन्तिम लेखापरीक्षण कार्यमा सहयोग, समन्वय र सहजीकरण,
- लेखापालनसम्वन्धी क्षमता विकास कार्य,
- सामुदायिक विद्यालयहरुको आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षणमा सहजिकरण र समन्वय,
- शाखासँग सम्बन्धित अन्य कार्यहरु ।

## १४ वडा कार्यालयहरू

### (अ) योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनः

- योजना तर्जुमा दिग्दर्शन बममोजिम सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग संकलन, प्राथमिकीकरण तथा छनौट गरी गाउँपालिकामा पेश गर्ने ।
- गाउँसभाबाट स्वीकृत वडास्तरीय योजनाको कार्यान्वयन, अनुगमन, मूल्यांकन गरी गराई भुक्तानीका लागि सिफारिस गर्ने ।
- टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र संचालन हुने योजनाहरूका लागि उपभोक्ता समितिको गठन, परिचालन र अनुगमन गर्ने ।
- वडाभित्रका योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत संभार, रेखदेख तथा व्यवस्थापन गर्ने ।

### (आ) तथ्याङ्क संकलन, संरक्षण र अद्यावधिकः

- निजी घर तथा घर परिवारको लगत राख्ने ।
- ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने ।
- वडा भित्रको खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, मठ, मन्दिर, गुम्वा, मस्जिद, देवस्थल, मदरसा, पर्ति जग्गा, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुंगेधारा, गुठीघर, सडक, पुल पुलेसा, कुलो नहर, पानी घट्ट, मिलको तथ्याङ्क र सूचना सहितको वडाको पाश्र्वचित्र तयार गरी अद्यावधिक गर्ने ।
- वडाभित्र बसोबास गर्ने विभिन्न जातजाति र भाषाभाषीहरूको धर्म संस्कृतिको संरक्षणका लागि अभिलेख राख्ने ।
- वडाभित्र अन्यत्रबाट बसाई सरी आउने र वडाबाट बसाई सरी अन्यत्र जानेको लगत अध्यावधिक गरुी राख्ने

- वडाका महिला, बालवालिका, असहाय अशक्त, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिक, बालमजदुर, साक्षर संख्या, विद्यालय र विद्यार्थी एवं शिक्षक संख्याको यकिन अभिलेख राख्ने

**(इ) विकास कार्यः**

- बाल उद्यानको व्यवस्था गर्ने, अनौपचारिक शिक्षा कार्यक्रम तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने ।
- पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र, बालक्लव तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने ।
- वडा तहको स्वास्थ्य केन्द्र तथा उपकेन्द्रको व्यवस्थापन गर्ने
- बालबालिकाहरूलाई बि.सि.जि., डि.पि.टी., खोप लगाउने, पोलियो, भिटामिन "ए" खुवाउने व्यवस्था गर्ने र पोषण कार्यक्रमको सञ्चालन गर्ने ।
- वडा तहमा स्वास्थ्य सम्बन्धी जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने
- शहरी स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने, गराउने
- सार्वजनिक शौचालय तथा स्नान गृहको निर्माण र ब्यवस्थापन गर्ने, गराउने ।
- वडास्तरीय सामुदायिक धाराको प्रबन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने
- घरबाट निकास हुने फोहरमैलाको सङ्कलन र व्यवस्थापन, चोक तथा गल्लीहरूको सरसफाई, ढल निकास, मरेका जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने, गराउने
- कृषि तथा फलफूल नर्सरीको स्थापना, समन्वय र प्रवर्धन तथा वडास्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्ने ।
- कृषि विउ, वीजन तथा औषधिको माग संकलन गर्ने, कृषिमा लग्ने रोगहरूको विवरण संकलन गर्ने
- पशुपंक्षी विकास तथा छाडा चौपायाको व्यवस्थापन र वडाभित्रको चरनक्षेत्र संरक्षण र व्यवस्थापन गर्ने

- स्थानीय समुदायका चाडपर्व, भाषा संस्कृतिको विकासका लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने गराउने
- स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीति रिवाजलाई संरक्षण तथा प्रवर्धन गर्ने
- वडाभित्र खेलकुद पूर्बाधारको विकास गर्ने र अन्तरविद्यालय तथा वालक्लव मार्फत खेलकूद कार्यक्रमको सञ्चालन गर्ने गराउने
- वडा क्षेत्रभित्रको वाटोघाटो चालू अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने र वडाभित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने
- बाटोघाटोमा बाढी, पहिरो, हुरी बतास तथा प्राकृतिक प्रकोपबाट उत्पन्न अवरोध पन्छाउने
- घरेलु उद्योगको लगत सङ्कलन तथा सम्भाव्यता पहिचान गर्ने, घरेलु उद्योगको प्रवद्र्धन गर्ने
- प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक र सो को अभिलेख संरक्षण गर्ने
- व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने
- सामाजिक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधिक गर्ने
- वडालाई बालमैत्री बनाउन आधारभूत सूचकहरू पूरा गर्न कार्यक्रम तर्जुमा गर्ने ।
- वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थान सम्वन्धी काम गर्ने
- बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, बालश्रम, मानव बेचविखन, निरक्षरता जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने
- प्रचलित कानूनको अधीनमा रही मालपोत तथा भूमि कर, व्यवसाय कर, वहाल कर, विज्ञापन कर, सःशुल्क पार्किङ्ग, नयाँ व्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र सङ्कलन गरी गाउँपालिकामा प्रतिवेदन सहित रकम बुझाउने
- असक्त बिरामी भएको बेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुऱ्याई औषधोपचार गराउने
- असहाय वा वेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने
- सडक बालबालिकाको उद्धार र पुनर्स्थापनाको लागि लगत संकलन गर्ने ।
- वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्धन गर्ने

- वडा, टोल, बस्तीस्तरमा हरियाली क्षेत्र बिस्तार गर्ने गराउने, वडालाई वातावरणमैत्री बनाउने
- प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासन जस्ता प्रवर्धनात्मक कार्यहरू गर्ने, गराउने ।

**(ई) नियमन कार्य गर्नेः**

- वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको अनुगमन तथा नियमन गर्ने ।
- सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्वन्धी तालिम दिने ।
- खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने ।
- वडाभित्रका उद्योग धन्दा र व्यवसायको प्रबद्र्धन गरी लगत राख्ने र हाट बजारको व्यवस्थापन गर्ने, गराउने
- विद्युत चुहावट तथा चोरी नियन्त्रण गर्ने ।
- स्थानीय रोजगारी अभिवृद्धिमा सहयोग पुग्ने कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने ।

**(उ) सिफारिस तथा प्रमाणित गर्नेः**

- नाता प्रमाणित गर्ने, जन्म मिति प्रमाणित गर्ने, विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने ।
- वडाबाट जारी हुने सिफारिस तथा अन्य कागजलाई अंग्रेजी भाषामा समेत सिफारिस तथा प्रमाणित गर्ने
- घर पाताल प्रमाणित गर्ने, संरक्षक प्रमाणित गर्ने
- व्यक्तिगत विवरण प्रमाणित गर्ने, जीवितसँगको नाता प्रमाणित गर्ने, मृतकसँगको नाता प्रमाणित गर्ने ।
- हकवाला वा हकदार प्रमाणित गर्ने ।
- नागरिकता लिनका लागि सिफारिस, बहाल करको लेखाजोखा सिफारिस, मोही लगत कट्टा, घरजग्गा करको लेखाजोखा सिफारिस, व्यापार वन्द भएको, व्यापार व्यवसाय हुंदै नभएको, निःशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने ।

- जग्गा धनी प्रमाण पुर्जामा घर कायम गर्न सिफारिस, नाम, थर, जन्म मिति तथा वतन फरक फरक भएको व्यक्ति एकै हो भनि सिफारिस, नाम थर जन्म मिति संशेधनको सिफारिस, जग्गा धनी प्रमाणपुर्जा हराएको सिफारिस, कित्ता काट गर्न सिफारिस गर्ने ।
- संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस, जीवीत रहेको सिफारिस, विभिन्न प्रकारका सर्जमीन सिफारिस गर्ने ।
- नामसारी गर्न सिफारिस, जग्गाको हक सम्बन्धमा सिफारिस, उद्योग ठाउंसारी गर्न सिफारिस गर्ने
- आधारभूत विद्यालय खोल्न, विद्यालयको कक्षा थप गर्न, विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने
- जग्गा मूल्यांकन सिफारिस, धारा तथा विद्युत जडान गर्न सिफारिस गर्ने
- अशक्त, असहाय तथा अनाथको पालन पोषणका लागि सिफारिस, बैबाहिक अंगीकृत नागरिकता सिफारिस गर्ने ।
- प्रचलित कानून बमोजिम तोकिएका अन्य सिफारिस तथा प्रमाणित गर्ने ।

**(ऊ) अन्य कार्य गर्नेः**

- आफ्नो वडाभित्रका उपभोक्ता समिति, सहकारी संस्था, निजी क्षेत्र लगायतका सबै विकास साझेदारहरूसँग विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा समन्वय गर्ने ।
- बन्दकोठा खोल्न रोहवरमा वस्ने ।
- समय समयमा नेपाल कानूनले तोकेबमोजिम अन्य काम गर्ने ।